# अध्याय : १ (एक)

# परिचय

## १.१ अध्ययनको पृष्ठभूमी :

वातावरणीय तथा व्यक्तिगत सरसफाई सम्बन्धीको विषय धेरै पूरानो भएतापनि यसको ठोस परिभाषा यती हो भनेर परिभाषित गर्न गाह्रो छ । वातावरणीय सरसफाईलाई अहिले आएर वातावरण स्वास्थ्यको रुपमा पनि हेर्ने गरिन्छ । हाम्रो वरपरको हावापानी, माटो, ढुङ्गा लगायतका समग्र प्राकृतिक र कृत्रिम वस्तुहरुको समजोडनै वातावरण हो । ज्ञान, विज्ञान र प्रविधिले ल्याएको आधुनिकिकरणसंगै साघुरिदै गएको विश्वजगतमा वातावरणीय सरसफाईको आवश्यकता र यसको महत्व बढ्दै गएको छ । यद्यपी मानिसहरुमा यथेष्ट ज्ञानको कमीनै देखिन्छ ।

"स्वास्थ्य समाजको निर्माण आजको आवश्यक्ता" भन्ने गहन नाराका लागि विश्व परिवेशमा विकसित राष्ट्रय देखि अविकसित तथा अर्धविकसित सम्पूर्ण राष्ट्रयहरु तल्लिन रहेका अवस्थामा स्वास्थ्यलाई हामीले पनि एउटा गहन रुपमा लिनु पर्दछ, भन्ने हाम्रो पनि अठोट हो । स्वास्थ्य एउटा व्यक्ति विशेष मात्र नभएर यो सम्पूर्ण समाज, राष्ट्र, अन्तराष्ट्रिय तथा विश्वसंग सम्बन्धित छ । त्यसो त स्वास्थ्यको इतिहास पल्टाउदा खासै धेरै भएको देखिन्न् तर पनि छोटो इतिहासमा नै विश्वलाई आकर्षणको एउटा पाटो भएको छ । भनिन्छ देश विकासको लागि स्वास्थ्य व्यक्तिको आवश्यक्ता पर्दछ । त्यसैले मानव विकासको उत्थान संगसंगै जानिनजानी स्वास्थ हुनको लागि विभिन्न किसिमका जडिबुटिको प्रयोग साथै धामीझाक्री जस्ता माध्यमको प्रयोग गरेको पाईन्छ ।

नेपालमा धर्म अनुसार जनसंख्याको बनोट हेर्दा खेरी हिन्दु, बौद्ध, इस्लाम, किरात, जैन, इसायी, सिक आदि उल्लेखित गरिएको पाईन्छ । त्यसैगरी पेशा अनुसार जनसंख्याको बनोट हेर्दा खेरी कृषि र गैरकृषि गरी दुई भागमा उल्लेख गरिएको पाईन्छ । भाषागत हिसावले नियाल्दा पनि विभिन्न भाषाभाषी रहेको पाईन्छ । नेपाली, मैथली, भोजपुरी, थारु, तामाङ्ग, नेवार, मगर, उर्दु इत्यादि रहेको पाईन्छ ।

नेपालको Annual Report of Department of Health Services को Fiscal Year- 2067/068 (2010/011) 17th Conscutive Report हेर्दा खेरी निम्न अनुसारको तथ्याङ्क पाउन सकिन्छ । जस अन्तर्गत नेपालको जनसंख्याको स्वास्थ्य स्तर उकास्नको लागि 95 Public Hospital, 209 Primary Health Care Centres, 676 Health Posts, 3129 Sub-Health Post खोलिएको पाईन्छ । त्यसैगरी 12790 Primary Health Care/out Research Clinics

रहेको पाईन्छ । जसमा 445 NGO/ 315 Private Health Institutions ले आफ्नो रिपोट दिएको पाईन्छ । यती हुदाहुदै पनि सरदर 30.4% स्वास्थ्य सेवा मात्र उपलब्ध भएको पाईन्छ । स्वास्थ्य व्यक्तिको अमूल्य सम्पत्ति हो । जनसंख्या वृद्धि, बढ्दो शहरीकरण, गरिवी, अशिक्षा, अन्धविश्वास, कुपोषण, मातृ तथा उच्च शिशु मृत्युदर, खानेपानीको समस्या, सरुवा रोगहरुको प्रकोप जस्ता सामुदायिक स्वास्थ्य समस्याहरुले ग्रसित भएको कारणले नै जनस्वास्थ्य समस्याहरु (Public Health Problem) दिनानुदिन बढिरहेको छ । स्वास्थ्य जनशक्तिनै राष्ट्रको विकासको आधार हो । आज विश्वका अधिकांश देशहरुले आफ्ना नागरिकहरुलाई स्वास्थ्य र शिक्षित बनाई मानवीय संशाधनको विकास गर्ने तर्फ लागेका छन् । स्वच्छ वातावरणको उपभोग गर्न र आधारभूत स्वास्थ्य सेवा पाउनु प्रत्येक व्यक्तिको अधिकार हो । तर आज हाम्रो देशमा यो नीति प्रभावकारी रुपमा कार्यन्वयन हुन सकिरहेको छैन । नेपालको संविधान २०७२ को धारा ३० मा स्वच्छ वातावरणको हक र धारा ३५ मा स्वस्थ्य सम्बन्धी हकलाई मौलिक हकको रुपमा उल्लेख गरिएको छ । तर अझै पनि हाम्रो देशका विभिन्न ठाउँहरुमा मानिसहरु सामान्य औषधी सिटामोल समेत नपाएर छटपटाईरहेको अवस्था छ । एकतर्फ नेपालको जनसंख्या तिब्र रुपमा बढिरहेको छ । वि.सं. २०६८ को जनगणना अनुसार २, ६४, ९४, ५०४ जनसंख्या रहेको नेपालमा १.३५ प्रतिशत जनसंख्या बृद्धिदर रहेको छ । यस्तो तिव्र गतिमा बृद्धि भइरहेको जनसंख्याको उचित व्यवस्थापन हुन नसक्दा यसको प्रत्यक्ष र अप्रत्यक्ष प्रभाव स्वास्थ्यका साथै वातावरणीय पक्षमा समेत पर्दछ । गरिवी, अव्यवस्थित शहरीकरण, बढ्दो आधुनिकीकरणले पनि स्वास्थ्य र वातावरणमा जटिलताहरु सृजना गरेको छ । तसर्थ मेरो अनुसन्धान माथि उल्लेखित वातावरणीय र व्यक्तिगत स्वास्थ्य समस्याहरु के कस्तो अवस्थामा छ भन्ने कुराको वर्तमान अवस्था थाहा पाउन सुनसरी जिल्लाको इटहरी उपमहानगरपालिका वडा नं. २२ मा केन्द्रित रहेर यो शोधपत्र तयार गरेको हो ।

## १.२ समस्याको कथन :

वातावरणीय सरसफाई स्वच्छ वातावरण कायम गरिराख्न मानिसले गर्नै पर्ने एक महत्वपूर्ण कार्य हो । वातावरण हाम्रो वरपर रहेको माटो, ढुङ्गा, हावा, पानी, ध्वनी आदिको एउटा सिङ्गो अवस्था हो । वातावरण स्वच्छ तथा सफा हुन नितान्त आवश्यक छ । वातावरणको अवस्थामा गिरावट आउनुनै वातावरण प्रदुषण हो । वातावरण प्रदुषणले हाम्रो जिवनमा वा स्वास्थ्यमा विभिन्न नकारात्मक असरहरु पर्न सक्दछ । साथै दैनिक जिवनमा समेत प्रत्यक्ष वा अप्रत्यक्ष तरिकाले असर गर्दछ । तसर्थ यो एउटा गम्भिर विषय हो र वातावरणलाई स्वच्छ राख्नको लागि स्थानिय तथा राष्ट्रिय स्तर दुबै ठाउँबाट पहल र प्रयासहरु हुन आवश्यक हुन्छ ।

अर्कोतिर व्यक्तिगत सरसफाई पनि एउटा अत्यन्तै महत्वपूर्ण कुरा हो । व्यक्तिको आनिबानी, चेतना, आर्थिक अवस्था र उसले गर्ने कार्यको आधारमा व्यक्तिगत सरसफाईमा भिन्नता पाउन सकिन्छ ।

जनमानसमा प्रशस्त मात्रामा चेतना तथा शिक्षाको कमी, समयको अभाव जस्ता कारणहरुले असातित रुपमा व्यक्तिगत सरसफाईको स्थिति देख्न सकिदैन ।

यी उल्लेखित वातावरणीय तथा व्यक्तिगत सरसफाईका सन्दर्भमा यो इटहरी उपमहानगरपालिका, लविपुर-२२ मा वातावरणीय तथा व्यक्तिगत सरसफाई सम्बन्धी वर्तमान अवस्था कस्तो छ, फोहरमैलाको विसर्जन कसरी गर्दछन् । वातावरणीय सरसफाईको क्षेत्रमा के-कस्ता असर हुन्छन् साथै व्यक्तिगत सरफाईको सन्दर्भमा यस समुदायको मानिसहरुले पिउने पानीको स्रोतको सरसफाई, चर्पीको प्रयोग, नुहाउने, अभ्यास, कपडा धुने, खानेकुराको सरसफाईको स्थिति, कमजोर रहेकोले यो विषयमा अनुसन्धान गरिएको छ ।

## १.३ अध्ययनको उद्देश्य :

क) वातावरणीय सरसफाईको स्थिति पत्ता लगाउने ।

ख) समुदायमा रहेका मानिसहरुको व्यक्तिगत सरसफाईको स्थिति पत्ता लगाउने ।

ग) समुदायका मानिसहरुको स्वास्थ्य र वातावरणीय सरसफाई सम्बन्धी ज्ञानको स्तर र व्यवहारको पहिचान गर्ने ।

## १.४ अध्ययनको महत्व :

विभिन्न क्षेत्रबाट विभिन्न विषयमा हुने अध्ययन तथा अनुसन्धानको आ-आफ्नै महत्व रहेको हुन्छ । तसर्थ सुनसरी जिल्ला इटहरी उपमहानगरपालिका वडा नं. २२ मा वातावरणीय तथा व्यक्तिगत सरसफाई सम्बन्धमा केन्द्रित रहेर गरिएको अध्ययनका निम्न महत्वहरु रहेका छन् ।

- यो अध्ययनको त्रि.वि.वि.मा शिक्षा शास्त्र संकाय अन्तर्गत स्नातकोत्तर दोस्रो वर्षमा स्वास्थ्य शिक्षा विषय लिई अध्ययन गर्ने विद्यार्थीहरुको आंशिक पाठ्यभार पूरा गर्न सहयोग गर्ने छ ।
- यस अध्ययनको उक्त क्षेत्रका मानिसहरुको जातिगत, धार्मिक, शैक्षिक अवस्थावारे जानकारी गराउँने छ ।
- वातावरणीय तथा व्यक्तिगत सरसफाईको अवस्था वारे जानकारी गराउन मद्धत गर्ने छ ।
- यस क्षेत्रमा बसोवास गर्ने मानिसहरुको स्वास्थ्य सम्बन्धी चेतना र व्यवहार थाहा पाउने छ ।
- यो अध्ययन पश्चात प्राप्त अवस्था वा नतिजाको अध्ययन गरी उक्त समुदायका मानिसहरुका समस्या समाधानका यो शोधपत्र सन्दर्भ सामग्रीको जानकारी गराउने छ ।
- यस विषयसंग मिल्दोजुल्दो विषयमा अध्ययन गर्न भावी अध्ययनकर्त्ताको लागि उपयोग गरी सामाग्रीको रुपमा अध्ययन गरिएको छ ।

## १.५ अध्ययनका सिमितताहरु :

ज्ञान सूचना र जानकारीहरुको दायरा धेरै नै फराकिलो छ । जुन जती अध्ययन गरेपनि त्यसको गहिराईलाई छुन कहिलै सकिदैन । तसर्थ कुनै पनि विषयमा अध्ययन गर्नु पूर्व अध्ययनको सिमाङ्कन गर्नु आवश्यक छ र निश्चित सिमाङ्कन गरिएको खण्डमा आवश्यक स्रोत साधान जुटाउन पनि सरल हुन्छ । तसर्थ यस अध्ययनको सिमाङ्कन सुनसरी जिल्ला इटहरी उपमहानगरपालीका वाड नं. २२ को मुसहर समुदायको वातावरणीय तथा व्यक्तिगत सरसफाई सम्बन्धी अध्ययनमा मात्र  सिमित गरिएको छ । जसका लागि आफैले तयार पारेको अध्ययन सामग्री प्रश्नावलीमा रहेर सूचना तथा जानकारीहरु सङ्कनल गरी विश्लेषण गरिएको छ । प्राप्त निष्कर्षले इटहरी उपमहानगरपालीका वडा नं. २२ को वातावरणीय तथा व्यक्तिगत सरसफाईको अवस्थालाई मात्र चित्रण गर्ने हुँदा यसलाई अन्य स्थान वा समग्र देशसंग सामन्यीकरण गरिने छैन । समग्रमा यस अध्ययनका सिमितताहरु बुँदागत रुपमा यस प्रकारका छन् :

- सुनसरी जिल्ला इटहरी उपमहानगरपालीका वाड नं. २२, लविपुरलाई अध्ययन स्थलको रुपमा लिएको छ ।
- अध्ययन साधारण रेन्डम नमुना छनौट द्धारा गरिएको  छ ।
- यो इटहरी उपमहानगरपालीका वडा नं. २२, लविपुरको मुसहर समुदायका १०५ घरधुरीमा मात्र अध्ययन गरिएको छ ।
- अध्ययन वातावरणीय तथा व्यक्तिगत सरसफाई सम्बन्धमामात्र सिमित रहेको छ ।
- खुल्ला प्रकारका प्रश्नावलीको प्रयोग गरिएको छ ।

## १.६ प्रयोग भएका मुख्य शब्दहरुको परिभाषा :

- **Community :** Community is the smallest territorial group that can embrace all aspects of social life.

- **Environment :** Environment includes not only the water air and soil that from our environment but also the social and economic condition under which we live.

  - Park

- **Environmental Sanitation :** Environmental Sanitation as the control of all those factors in man's physical environment which exercise or may exercise a electros effecton his physical environment health and surviral.

  - W.H.O.

- **Health :** Health is the sate of complete physical mental and social well being and not merely the absence of disease or infirmity.

  - W.H.O., 1948

- **Disease :** A condition of the body or some part or organs of the body in which its functions are disturbed or deranged.

  - Oxford Dictionary.

- **व्यक्तिगत सरसफाई** : कुनै पनि व्यक्तिले आफूलाई सवल तथा तन्दुरुस्त राख्नका लागि गर्ने नियमित सरसफाईलाई व्यक्तिगत सरसफाई भनिन्छ ।

- **सरसफाई** : आफू र आफ्नो परिवारको साथै आफ्नो वरिपरिको वातावरणलाई नियमित रुपमा सफा सुग्घर राख्नु नै सरसफाई हो ।

- **समुदाय** : "निश्चित क्षेत्रमा बसोवास गर्ने, आपसमा एकतावद्ध र संगठित सम्बन्ध कायम रहेको साझा उद्देश्य प्राप्तिका लागि कार्यरत रहने मानिसहरुको समूह नै समुदाय हो ।"

- **सर्वेक्षण** : "सर्वेक्षण त्यो प्रक्रिया हो जसद्धारा अध्ययनका लागि नविन सूचनाहरु संकल्न गरिन्छ ।"

- **प्रश्नावली** : "निश्चित उद्देश्य प्राप्तिका लागि सम्बन्धित विषयको समस्या अनुसार निर्माण गरिएको लिखित प्रश्नहरुको सुचीलाई नै प्रश्नावली भनिन्छ ।"

- **अन्तरवार्ता** : "कुनै सम्बन्धित व्यक्तिसित निश्चित उद्देश्य लिएर आपसमा गरिने बातचितलाई नै अन्तरवार्ता भनिन्छ ।"

- **तथ्याङ्क संकलन** : "निश्चित उद्देश्य प्राप्तिका लागि उपयुक्त समाधानहरुको प्रयोग गरी सूचनाहरु संकलन गर्ने कार्यलाई तथ्याङ्क संकलन भनिन्छ ।"

# अध्याय : २ (दुई)
# सम्बन्धित साहित्यको पुनरावलोकन

## २.१ सैद्धान्तिक साहित्यको पुनरावलोकन :

वातावरणीय तथा व्यक्तिगत सरसफाईको इतिहास पृथ्वी तथा मानव सभ्यताको उत्पत्ती र विकासको क्रमसंगै जोडिएर आएको पाईन्छ । पृथ्वीको विकासक्रमसंग प्रकृतिमा देखा परेको विभिन्न जीव, वनस्पती तथा हावापानी, माटो, ढुङ्गोको एक समग्र समजोडको अवस्था वातावरण हो भने मानव जीवनको सुरुवाती अवस्था देखि नै मानिसले आफ्नो आहाराको लागि जङ्गली जनावरको प्रयोग आवासको लागि गुफा कपडाको सट्टामा रुखका पात तथा बोक्राहरुको प्रयोग गर्ने गरेको र विस्तारै हात मुख पुछ्ने तथा पानीले धुने गरेको कुराहरु पढ्न पाईन्छ । विकासक्रमको गतिसंगै आधुनिक युगमा आइसकेपछि भने विभिन्न कार्यहरु भएका छन् । यस क्षेत्रमा कलकारखाना, उद्योगधन्दा लगायत अन्य वस्तुहरुबाट निस्कने कार्वनडाई अक्साइड, क्लोरोफ्लो कार्वन, मिथेन जस्ता ग्यासहरु अप्राकृतिक रुपमा उत्पादन भई हावामा मिसिदा र अन्य वातावरण प्रतिकुलताका कार्यहरुले वातावरणीय प्रदुषण हुन्छ । र व्यक्तिले आफ्ना क्रियाकलाप र प्रदुषित वातावरणको कारणले व्यक्तिगत सरसफाईमा ध्यान नदिदा विभिन्न स्वास्थ्य समस्याहरु भोग्नु परिरहेको हुन्छ । यिनै कुराहरुलाई मनन् गर्दै आजको विषयगतले वातावरण र स्वास्थ्यको क्षेत्रमा विभिन्न कार्यहरु गर्दै आएको छ । सन् २००९ डिसेम्वर ७-१८ सम्म डेनमार्कको राजधानी कोपन हेगनमा संयुक्त राष्ट्र संघिय जलवायु सम्बन्धी १५ औं विश्व शिखर सम्मेलन भयो । त्यस्तै सन् २०१० मा वातावरण सम्बन्धी सम्मेलन मेस्किकोमा सम्पन्न भयो भने नेपाल सरकारले वातावरणीय असर तथा जलवायु परिवर्तनका सन्दर्भमा विश्वको ध्यानाकर्षण गर्न वि.सं. २०६६ मंसिर १९ गते सगरमाथाको आधार शिविर कालापत्थरमा मन्त्रिपरिषदको गठन गऱ्यो । वातावरणीय स्वच्छता कायम राख्ने उद्देश्यले नेपाल सरकारले २०६८ चैत २३ र २४ मा ४ हजार मिटर भन्दा अग्ला पहाडहरु भएका विश्वका ५५ वटा मुलुकको सहभागीतामा अन्तराष्ट्रिय पर्वतीय सम्मेलन गरी काठमाण्डौं घोषणा पत्र जारी गऱ्यो । अर्कोतर्फ व्यक्तिगत सरसफाईलाई बढावा दिदै स्वास्थ्यमा सुधार ल्याउने र जनस्वास्थ्यमा उल्लेखिय प्रगति गर्ने लक्ष्य अनुरुप पनि विभिन्न कार्यहरु भएका छन् । जस अनुरुप नेपाल सरकारले २०७१ श्रावण २३ मा नयाँ स्वास्थ्य नीति सार्वजनीक गरेको छ । साथै व्यक्तिगत सरसफाईको तहमा वृद्धि गर्नको लागि विभिन्न चेतना र शिक्षामूलक कार्यक्रमहरु पनि गर्दै आएको छ । यसरी वातावरणीय र व्यक्तिगत सरसफाईको पक्षलाई विगत देखि वर्तमान अवस्थासम्म बुझ्न सकिन्छ ।

### २.१.२ वातावरणीय प्रदुषणका प्रकार :

वातावरण संरक्षण ऐन, २०५३ का अनुसार "प्राकृतिक, सांस्कृतिक र सामाजिक प्रणालीहरु, आर्थिक तथा मानवीय क्रियाकलापहरु र यिनका आवश्यकता तथा ती अबयवहरु बीचको अन्तरक्रिया तथा अन्तर सम्बन्धलाई वातावरण भनिन्छ । यो वातावरणको समग्र अवस्थामा गिरावट आउनका लागि निम्न पक्षहरुमा प्रदुषण हुनु पर्दछ ।"

वायु प्रदुषण, जल प्रदुषण, खाद्य प्रदुषण, विकिरण (रेडियोकर्मी) प्रदुषण, औधोगिक प्रदुषण, वातावरणमा रहेका सम्पूर्ण जैविक तथा अर्जेविक (Biotic and Abiotic) अवयवहरु बीचको अन्तरक्रिया वा अन्तरसम्बन्ध प्रत्यक्ष वा अप्रत्यक्ष रुपले परिवर्तन गरी वातावरणमा ह्रास ल्याउने क्षती पुऱ्याउने वा वातावरणको लाभदायी वा उपयोगी प्रयोजनमा हानीनोक्सानी पुऱ्याउने प्रक्रिया नै वातावरणीय प्रदुषण हो ।

### २.१.३ वातावरणीय तथा व्यक्तिगत सरसफाईको कमीका असरहरु :

वातावरणीय सरसफाईको कमीले हाम्रो वरपरको वातावरणमा प्रतिकूल असर पर्न गई असन्तुलन पैदा हुन जान्छ । वातावरणीय स्वच्छता नहुँदा विभिन्न प्रकारका श्वासप्रश्वास सम्बन्धी तथा सरुवा रोगहरुको संक्रमण फैलन सक्दछ । वातावरणीय असन्तुलनका कारण विभिन्न किसिमका प्राकृतिक समस्याहरु समेत निम्तन सक्दछ । तसर्थ अनुकूल वातावरणको लागि वातावरणीय सरसफाई हुन नितान्त आवश्यक हुन्छ । अर्कोतिर व्यक्तिगत सरसफाईको कमीले मानिसमा विभिन्न किसिमका रोगहरु जस्तै : झाडापखाला, लुतो, घाउँ, खटिरा, पेटको संक्रमण लगायत विभिन्न स्वास्थ्य समस्याहरु आउँछन् । व्यक्तिगत सरसफाईको कमीले आकर्षण व्यक्तित्व पनि देखिदैन साथै समाजमा उसलाई हेर्ने दृष्टिकोणमा समेत फरक पर्दछ । Personal Hygen भन्ने कुरा प्रत्यक्ष रुपमा मानिसको स्वास्थ्यसंग जोडिएको विषय हो । यस कुरामा ध्यान पुऱ्याउन नितान्त आवश्यक हुन्छ । व्यक्तिगत सरसफाई उसको शिक्षाको स्तर, आर्थिक अवस्था र गर्ने कार्यसंग पनि जोडिएको हुन्छ ।

### २.१.४ नेपालमा वातावरणीय तथा व्यक्तिगत सरसफाई क्षेत्रमा भएका प्रयासहरु :

नेपाल UNO को सदस्य राष्ट्र हो । UNO ले आयोजना गर्ने वातावरण सम्बन्धी विभिन्न अन्तराष्ट्रिय सम्मेलनहरुमा नेपालको सक्रिय सहभागिता जनाउँदै आएको छ । नेपाल सरकारले वातावरण संरक्षण ऐन, २०५३ को निर्माण गरेको छ । वि.सं. २०६७ असार ३० गते नेपालले वातावरण तथा जलवायु विकास सम्बन्धी २० वर्षे महत्वका यी योजना ल्याएको छ । नेपालका विभिन्न १३ वटा जिल्लामा चुरे जलाधार संरक्षण कार्यक्रम सञ्चालन भइरहेको छ, नेपालको संविधान २०७२ को धारा ३० मा स्वच्छ वातावरणको हकलाई मौलिक हकको रुपमा राखिएको

छ । सन् १९७४ देखि विश्व वातावरण दिवस मनाउँदै आइरहेको छ । सन् १९९२ जुन ३-१४ सम्म ब्राजिलको रियोद जेनेरियोमा विश्वका विभिन्न मुलुकहरुको वातावरण सम्बन्धी पृथ्वी सम्मेलनमा नेपालले सहभागिता जनाएको छ । वातावरण व्यवस्थापनका लागि ISO - 14000 एउटा गुणस्तर मापदण्ड तयार गरेको छ । नेपालमा आठौं योजना देखि वातावरण शीर्षकमा रकम विनियोजन गरिदै आएको छ । त्यसैगरी सार्कले सन् १९९२ लाई वातावरण वर्षका रुपमा मनाएर यस क्षेत्रमा कार्य गरेको छ । वातावरणीय सरसफाई गर्नका लागि नेपालले वि.सं. २०५२ सालमा फोहोरमैला व्यवस्थापन सम्बन्धी नीति ल्याएको छ । साथै विभिन्न जिल्ला गा.वि.स., न.पा. तथा गाउँ गाउँमा खुल्ला दिशा मुक्त क्षेत्र कार्यक्रमहरु लागु गरेर वातावरणीय सरसफाईको क्षेत्रमा कार्य गर्दै आइरहेको छ ।

व्यक्तिगत सरसफाईको लागि पनि वातावरणको क्षेत्रमा जस्तैः नेपालमा विभिन्न कार्यहरु भएका छन् । गाउँ गाउँमा विभिन्न सरकारी तथा गैरसरकारी संस्थाहरुले जनचेतनामूलक कार्यक्रमहरु सञ्चालन गर्दै आएका छन् भने रेडियो, टेलिभिजन, पत्रपत्रिका जस्ता आमसञ्चारका माध्यमद्वारा विभिन्न चेतनामूलक कार्यक्रमहरु संञ्चालन हुदै आएका छन् ।

यसरी स्वास्थ्य मन्त्रालय र वातावरण मन्त्रालयले वातावरणीय तथा व्यक्तिगत सरसफाईको क्षेत्रमा केन्द्रित रही विभिन्न नीति निर्माण गर्ने र विभिन्न प्रकारका सूचना, शिक्षा, तालिम तथा कार्यक्रमहरु सञ्चालन गर्दै आएको छ ।

## २.२ संज्ञानात्मक साहित्यको पुनरावलोकन :

### २.२.१ वातावरणीय तथा व्यक्तिगत सरसफाईको क्षेत्रमा विश्व र नेपाल वातावरणीय क्षेत्रमा विश्व समुदायले गरेका केही कार्यहरु निम्न छन् :

- स्वीडेनको स्टकहोममा वातावरण सम्बन्धी संयुक्त राष्ट्रसंघिय सम्मेलन सन् १९७२ मा सम्पन्न ।
- हेलिसन्कीमा वातावरणीय भविष्य सम्बन्धी अन्तराष्ट्रिय सम्मेलन सन् १९७१ मा सम्पन्न ।
- वातावरणीय क्षेत्रमा सबैभन्दा ठूलो पुरस्कार Blue Planet award को स्थापना ।
- UNO द्वारा सन् १९८३ मा नर्वेको प्रधानमन्त्री ग्रोहार्लेम ब्रुटल्याण्डको अध्यक्षतामा वातावरण र विकास सम्बन्धी आयोगको गठन ।
- जुन ५ लाई विश्व वातावरण दिवसका रुपमा मनाउने कार्यको आरम्भ ।
- सन् १९७२ डिसेम्वर १५ देखि संयुक्त राष्ट्रसंघीय वातावरण कार्यक्रम UNEP को स्थापना ।
- सन् १९८७ मा क्यानाडाको मन्ट्रियलमा सर्वप्रथम योजना तह संरक्षण सम्बन्धी अन्तराष्ट्रिय सम्मेलन ।

- सन् २०१० को आँकडा अनुसार सुदुर पश्चिम र मध्य पश्चिम विकास क्षेत्रहरुमा सबैभन्दा कम सरसफाई सुविधा उपलब्ध सरदरमा ३० प्रतिशत रहेको र पश्चिमाञ्चल विकास क्षेत्रमा सबैभन्दा बढी सुविधा उपलब्ध ५३ प्रतिशत रहेको छ ।
- खानेपानी तथा ढलनिकास विभागको अभिलेख २०१० अनुसार पहाडी क्षेत्रमा त्यहाँको कुन ज.स.करिव ५२ प्रतिशत, तराई क्षेत्रमा कुल जनसंख्याको करिव ३५ प्रतिशत र हिमाली क्षेत्रमा कुल जनसंख्याको करिव ४३ प्रतिशत घरधुरीमा सरसफाइको पहुच पुगेको छ ।
- आठौं योजना देखि वातावरणको शीर्षकमा रकम बिनियोजन गर्न शुरु ।
- वि.सं. २०५० सालमा वातावरणीय नीति तथा  कार्ययोजना (NEPAP) कार्यन्वयनमा ल्याएको ।
- नेपालमा विकास आयोजनाहरुबाट वातावरणमा पर्न जाने नकारात्मक असर पर्न नदिन राष्ट्रिय वातावरणीय प्रभाव मूल्याङ्कन निर्देशिका २०५० जेष्ठ ४ मा लागु गरिएको ।
- वि.सं. २०५४ सालमा वातावरण संरक्षण नियमावली लागु ।
- वि.सं. २०४९ असोज १५ गते वातावरण संरक्षण परिषदको गठन ।

## २.३ साहित्यक पुनरावलोकनको प्रयोग :

वातावरणीय तथा व्यक्तिगत सरसफाईको सम्बन्धमा गरिएको अध्ययन पुनरावलोकनले सुनसरी जिल्ला इटहरी उपमहानगरपालीका वाड नं. २२ मा गरिएको मुसहर समुदायको वातावरणीय तथा व्यक्तिगत सरसफाईको वारेमा निम्न तरिकाले सहयोग पुऱ्याएको छ ।

१. इटहरी २२ लविपुरमा मुसहर समुदायको वातावरणीय तथा व्यक्तिगत सरसफाई सम्बन्धी वर्तमान अवस्थाको लेखाजोखा गर्न यस सम्बन्धी गरिएको पूर्व अध्ययन अनुसन्धानहरुको पुनरावलोकनले सहयोग पुऱ्याउने छ ।

२. वातावरणीय तथा व्यक्तिगत सरसफाई सम्बन्धी अध्ययन गर्न आवश्यक पर्ने उद्देश्य निर्धारणमा सहयोग पुऱ्याउने छ ।


३. यस विषयमा गरिएको अध्ययन पुनरावलोकनले सम्बन्धित विषयहरुमा जानकारी लिन प्रयोग भएका विधि तथा तरिकाहरुलाई आधार मानी यस सम्बन्धी वर्तमान अध्ययनमा उपयुक्त हुने विधि तथा तरिकाहरु छनोटमा सहयोग पुऱ्याउने छ ।

४. वातावरणीय तथा व्यक्तिगत सरसफाई सम्बन्धमा तथ्याङ्क संकलनका स्रोतहरु जस्तै : अनुसन्धान प्रश्नहरु पहिले के कस्ता प्रयोग गरिएका थिए त्यसको अध्ययन गरी आवश्यक परिमार्जन गर्दै आफ्नो अध्ययनका लागि प्रश्नावली निर्माण गर्न सहयोग पुऱ्याउने छ ।

५. वातावरणीय तथा व्यक्तिगत सरसफाईको अवस्थाका वारेमा विगतमा भएका अध्ययन अनुसन्धान तथा विभिन्न अनुसन्धानकर्त्ताहरुले उल्लेख गरेका विचार बिमर्श तथा निष्कर्षहरुलाई समेटी यस सम्बन्धी वर्तमान अध्ययनलाई परिभाषित गर्न सहयोग पुऱ्याउने छ ।

## २.४ धारणात्मक संरचना :

सुनसरी जिल्ला इटहरी उपमहानगरपालीका वाड नं. २२ लविपुरको मुसहर समुदायको वातावरणीय तथा व्यक्तिगत सरसफाई सम्बन्धमा अध्ययन गर्न निम्न प्रकारको धारणात्मक संरचना तयार पारिएको छ ।




प्रस्तुत संरचनामा यस अध्ययन क्षेत्रमा बसोवास गर्ने मानिसहरुको उमेर, लिङ्ग, धर्म, पेशा, शिक्षा, आवास जस्ता सामाजिक तथा जनसाङ्खीयक पक्षसंग वातावरण तथा व्यक्तिगत सरसफाईमा सम्बन्ध र त्यसको प्रत्यक्ष प्रभाव कस्तो पर्छ भन्ने कुरा प्रस्तुत गरिएको छ । त्यसैगरी इटहरी उपमहानगरपालीका वाड नं. २२, लविपुरको मुसहर समुदायको वातावरणीय तथा व्यक्तिगत सरसफाईको कमीले स्वास्थ्यमा र वातावरणमा पार्ने प्रभावको वारेमा ज्ञान भएको वा नभएको तथा वातावरण सफा राख्न के कस्ता क्रियाकलापहरु गर्दै आएका छन् अथवा छैन र व्यक्तिगत सरसफाईमा कतिको ध्यान पुऱ्याएका छन् । र यसले स्वास्थ्यमा पर्ने प्रभाव वारेमा कतिको जानकार छन् आदिमा केन्द्रित रही आवश्यक जानकारीहरु लिई व्याख्या, विश्लेषण एवम् निष्कर्ष प्रस्तुत गरिएको छ ।

## अध्याय : ३ (तीन)

## अध्ययनका विधि तथा प्रक्रियाहरु

यस अध्याय अन्तर्गत अध्ययनको ढाँचा तथा विधि, अध्ययन जनसंख्या तथा नमुना छनौट प्रक्रिया, अध्ययन क्षेत्र तथा स्थल, तथ्याङ्क संकलनका साधन तथा तरिकाहरु, तथ्याङ्क संकलन प्रक्रिया, तथ्याङ्कको विश्लेषण तथा व्याख्या प्रक्रियाको वारेमा उल्लेख गरिएको छ।

### ३.१ अध्ययनको ढाँचा :-

सुनसरी जिल्ला इटहरी उपमहानगरपालीका वाड नं.२२, लविपुर, मुसहर समुदायको वातावरणीय तथा व्यक्तिगत सरसफाई सम्बन्धमा अध्ययन गर्न नमुना छनौट विधि (Simple Random Sampling Method) अपनाई यस अध्ययन वर्णनात्मक ढाँचामा तयार पारिएको छ।

### ३.२ अध्ययन क्षेत्र :-

नेपालको कोशी अञ्चल सुनसरी जिल्लामा रहेको लविपुर इटहरी चौक देखि ४ कि.मि. पश्चिम र उत्तर पर्ने गर्दछ । पूर्व पश्चिम महेन्द्र राजमार्गले बीचमा दुई चिरा बनाएको यो इटहरी २२ लविपुरलाई यो वातावरणीय तथा व्यक्तिगत सरसफाई सम्बन्धी अध्ययन क्षेत्रको रुपमा लिएको छ।

### ३.३ नमुना छनौट प्रक्रिया र नमुनाको आकार :-

सुनसरी जिल्ला इटहरी उपमहानगरपालीका वाड नं.२२, लविपुर, मुसहर समुदायको वातावरणीय तथा व्यक्तिगत सरसफाई सम्बन्धमा केन्द्रित भएर अध्ययन गरिएको छ । जसका लागि जम्मा जनसंख्या १०४५ र जम्मा घरधुरी २४० रहेकोमा लविपुर टोलमा रहेको १०५ घरधुरीलाई हाम्रो अध्ययनको लागि Simple Random Sapling Method अपनाएको छ।

### ३.४ तथ्याङ्क संकलनका साधनहरु :-

सुनसरी जिल्ला इटहरी उपमहानगरपालीका वाड नं.२२, लविपुर, मुसहर समुदायको वातावरणीय तथा व्यक्तिगत सरसफाई सम्बन्धमा अध्ययन गर्न रुजु सुची र प्रश्नावली तथ्याङ्क संकलनका साधनका रुपमा प्रयोग गरिएको छ । जसमा व्यक्तिगत, पारिवारिक, शैक्षिक, आर्थिक र वातावरण सम्बन्धी प्रश्नहरु समाबेश गरिएको छ । यस अध्ययनमा आवश्यक तथ्याङ्क संकलनका स्रोतहरु यस प्रकार रहेका छन्।

**प्राथमिक स्रोतहरु :-**

यस विषयमा अध्ययनका लागि पूर्व परीक्षणद्धारा तयार पारिएको अन्तर्वाता र प्रश्नावलीबाट उक्त क्षेत्रका मानिसहरुसंग प्रत्यक्ष जानकारी लिइयो । जुन यो अध्ययनको प्राथमिक स्रोत हो ।

**द्धितीय स्रोतहरु :-**

यस विषयमा रही अध्ययनलाई पूरा गर्न प्राथमिक स्रोतका अतिरिक्त अन्य स्रोतहरुको पनि आवश्यकता पर्दछ । त्यसैले यस इटहरी उपमहानगरपालीका वाड नं.२२ को कार्यालयबाट प्राप्त विभिन्न तथ्याङ्कीय विवरणहरु साथै यस वातावरणीय तथा व्यक्तिगत सरसफाई विषयमा विभिन्न व्यक्ति तथा संस्थाहरुले गरेको अध्ययन, पत्रपत्रिका, पुस्तक, लेख, प्रतिवेदन आदिलाई द्धितीय वा सहायक स्रोतका रुपमा लिइएको छ ।

## ३.५ तथ्याङ्क संकलन प्रक्रिया :-

यस विषयमा केन्द्रित भएर अध्ययन गर्नाको लागि सर्वप्रथम क्याम्पस प्रशासनबाट आवश्यक अनुमती पत्र लिई सम्बन्धित उपमहानगरपालीकाको कार्यालयमा अध्ययनका लागि अनुमती लिइयो । त्यस्तै तथ्याङ्क संकलनका लागि लविपुर २२ मा बसोबास गर्ने जम्मा जनसंख्या १०४५ र जम्मा घरधुरी २४० रहेकोमा लविपुर टोलमा रहेको १०५ घरधुरीलाई अध्ययन भित्र राखिने छ । जसको व्यक्तिगत, पारिवारिक, शैक्षिक तथा वातावरण जस्ता विभिन्न पक्षहरुलाई समेट्ने गरी तयार पारिएको प्रश्नावली उक्त समुदायका मानिसहरुसंग प्रत्यक्ष भेटघाट गरी सौहार्दपूर्ण र पारिवारिक ढंगले प्रश्नहरु राखी तथ्याङ्क लिइएको छ ।

## ३.६ तथ्याङ्कको व्याख्या र विश्लेषण :-

सुनसरी जिल्ला इटहरी उपमहानगरपालीका वाड नं.२२, लविपुर, मुसहर समुदायको वातावरणीय तथा व्यक्तिगत सरसफाई सम्बन्धमा अध्ययन गर्न समुदायका मानिसहरुको व्यक्तिगत, पारिवारिक, शैक्षिक तथा वातावरणीय ज्ञानको अवस्था जस्ता विभिन्न पक्षहरुलाई समेट्ने गरी प्रश्नावली तयार पारी प्रत्यक्ष भेटघाट र अन्तर्वाता लिइयो । यस विषयमा अध्ययन गरी तथ्याङ्क संकलन गर्ने कार्य समाप्त भए पश्चात उत्तरदाताबाट आएका सूचनाहरुलाई निरीक्षण गर्ने र Master Chart को माध्यमबाट सांकेतीकरण साथै प्राप्त भएका जानकारीहरुलाई तालिका, वृतचित्र र स्तम्भ चित्रमा प्रस्तुत गरी तथ्याङ्कलाई व्याख्या गर्ने, संक्षेपीकरण गर्ने र निष्कर्ष निकाली प्रतिवेदनमा प्रस्तुत गरी शोध पत्र तयार गरिएको छ ।

# अध्याय : ४ (चार)

# नतिजाहरुको व्याख्या तथा विश्लेषण

यस अध्ययन अन्तर्गत सुनसरी जिल्ला इटहरी उपमहानगरपालिका वार्ड नं. २२ को मुसहर समुदायको वातावरणीय तथा व्यक्तिगत सरसफाई सम्बन्धी अवस्था सम्बन्धमा यही वडाका मानिसहरुको मानिसहरुको व्यक्तिगत, पारिवारिक र वातावरण साथै व्यक्तिगत सरसफाई सम्बन्धी पक्षलाई समेट्ने गरी प्रश्नावली तयार गरी प्रत्यक्ष रुपमा अन्तरवार्ता लिइएको थियो ।

## ४.१ व्यक्तिगत तथा पारिवारिक विवरण :

यस अन्तर्गत उमेर, धर्म, भाषा, लिङ्ग, शैशिक स्थिति, पेशा आदि आदि सम्बन्धी अध्ययनबाट प्राप्त भएका विवरणहरुलाई विभिन्न चार्ट तथा स्तम्भ चित्रहरुमा प्रस्तुत गरिएको छ ।

### ४.१.१ व्यक्तिगत तथा पारिवारिक विवरण :

इटहरी उपमहानगरपालिका वार्ड नं. २२ का १०५ घरधुरीमा गरिएको अध्ययन अनुसार जम्मा ५३९ जनसंख्यामा रहेको र जसमध्ये पुरुष २७९ जना र महिला २६० रहेको पाईयो । यस समुदायका मानिसहरुको उमेरगत विवरणलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका नं. १ : समुदायका मानिसहरुको उमेरअनुसार जनसंख्याको विवरण


| क्र.सं. | उमेर समूह | जम्मा जनसंख्या | प्रतिशत % | कैफियत |
|---|---|---|---|---|
| 1 | 0-4 वर्ष | 44 | 8.16 | |
| 2 | 5-9 वर्ष | 35 | 6.49 | |
| 3 | 10-14 वर्ष | 68 | 12.61 | |
| 4 | 15-19 वर्ष | 72 | 13.35 | |
| 5 | 20-24 वर्ष | 35 | 6.49 | |
| 6 | 25-29 वर्ष | 97 | 17.99 | |
| 7 | 30-34 वर्ष | 58 | 5.19 | |
| 8 | 35-39 वर्ष | 31 | 5.75 | |
| 9 | 40-44 वर्ष | 32 | 5.93 | |
| 10 | 45-49 वर्ष | 30 | 5.56 | |
| 11 | 50-54 वर्ष | 30 | 5.56 | |
| 12 | 55-59 वर्ष | 16 | 2.96 | |
| 13 | ६० वर्ष | 21 | 3.89 | |

| | | | | |
|---|---|---|---|---|
| | भन्दा माथि | | | |
| | **जम्मा** | **539** | **100%** | |

प्रस्तुत तालिका नं. १ लाई विश्लेषण गर्दा बालबालिकाहरुको जनसंख्या भन्दा वृद्धहरुको जनसंख्यामा कमी देखियो भने यस समुदायमा युवा तथा वयस्क उमेरका मानिसहरुको जनसंख्या सबैभन्दा बढी रहेको पाईयो ।

### ४.१.२ धर्मका आधारमा जनसंख्याको विवरण :

**चित्र नं. १ : समुदायका मानिसहरुले धर्म सम्बन्धी विवरण**




अध्ययन क्षेत्र[illegible] इटहरा-१९ मा धर्मका सम्बन्धमा अध्ययन गर्दा मुख्यगरी हिन्दु, बौद्ध, मुस्लिम र क्रिश्चियन धर्म अवलम्वन गर्ने गरेको पाईयो । यस समुदायका १०५ घर परिवार मध्ये ८२ घर अर्थात ७८.०९% ले हिन्दु धर्म, १७ घर अर्थात १६.१९%, मुस्लिम धर्म, ४ घर अर्थात ३.८०% बौद्ध धर्म, २ घर अर्थात १.९०% क्रिश्चियन धर्म मान्ने गरेको पाईयो ।

### ४.१.३ भाषाका आधारमा जनसंख्याको विवरण :

यस समुदायमा बसोवास गर्ने १०५ घर परिवारका मानिसहरु मध्ये ९२ घरपरिवारका (८७.६१%) मानिसहरु थारु बोल्ने, ७ घरपरिवारका मैथिली (६.६६%) र ६ घरपरिवारका (५.७१%) नेपाली भाषा बोल्ने गरेको पाइयो । जसलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. २ : भाषाका आधारमा जनसंख्याको विवरण**

| क्र.सं. | भाषा | घर संख्या | प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| 1 | थारु | 92 | 87.61% | |

| | | | | |
|---|---|---|---|---|
| 2 | मैथिली | 7 | 6.66% | |
| 3 | नेपाली | 6 | 5.71% | |
| | **जम्मा** | **105** | **100%** | |

### ४.१.४ शैक्षिक स्थिति अनुसार जनसंख्याको विवरण :

इटहरी वडा नं. २२ मा मुसहर समुदायको वातावरणीय तथा व्यक्तिगत सरसफाई सम्बन्धी अवस्था सम्बन्धमा गरिएको अध्ययनका क्रममा उक्त समुदायका मानिसहरुको शैक्षिक स्थिति निम्नानुसार रहेको पाइयो । जसलाई तलको तालिकामा देखाइएको छ ।

**तालिका नं. ३ : शैक्षिक स्थिति अनुसार जनसंख्याको विवरण**

| **क्र.सं.** | **शैक्षिक विवरण** | **संख्या** | **प्रतिशत** | **कैफियत** |
|---|---|---|---|---|
| 1 | कक्षा १-५ सम्म | 86 | 15.95% | |
| 2 | कक्षा ६-८ सम्म | 55 | 10.20% | |
| 3 | कक्षा ९-१० सम्म | 13 | 2.41% | |
| 4 | उच्च शिक्षा | 2 | 0.37% | |
| 5 | अनौपचारिक शिक्षा | 383 | 71.05% | |
| | **जम्मा** | **539** | **100%** | |


माथिको तालिका नं. ३ लाई विश्लेषण गर्दा प्राथमिक तहसम्म (१-५) मात्र अध्ययन गर्नेको संख्या ८६ जना अर्थात कुल जनसंख्याको १५.९५% रहेको छ भने निम्न माध्यमिक तहसम्म (६-८) मात्र अध्ययन गर्ने ५५ जना अर्थात १०.२०% जनसंख्या रहेको छ । त्यसैगरी माध्यमिक तहसम्म (

कक्षा ९-१०) शिक्षा हासिल गर्ने १३ जना अर्थात कुल जनसंख्याको २.४१% रहेको पाइयो । त्यसैगरी उच्च शिक्षा हासिल गर्ने २ जना अर्थात कुल जनसंख्याको ०.३७% रहेको पाइयो । अन्य ३८३ जना अर्थात ७१.०५% व्यक्तिहरुले कुनै पनि किसिमको शिक्षा नलिएको पाइयो ।

### ४.१.५ पेशा सम्बन्धी विवरण :

यस समुदायमा बसोवास गर्ने मानिसहरुले अपनाउने पेशाका सम्बन्धमा अध्ययन गर्दा प्राप्त नतिजालाई तलको चित्रद्धारा प्रष्ट गरिएको छ ।

**चित्र नं. २ : पेशा सम्बन्धी विवरण**




प्रस्तुत चित्र नं. २ लाई विश्लेषण गर्दा अध्ययन गरिएका १०५ घर परिवार मध्ये सबैभन्दा बढी ३१ घर अर्थात २९.५२% मानिसहरु ज्यालामजदुरी गर्ने पाइयो । त्यसैगरी २६ घरपरिवारका अर्थात २४.७६% मानिसहरु कृषि पेशामा संलग्न रहेको पाइयो । त्यसैगरी १८ घरपरिवारका अर्थात १७.१४% मानिसहरु व्यापारमा, १६ घरपरिवारका अर्थात १५.२३% नोकरी पेशामा र १४ घरपरिवारका अर्थात १३.३३% मानिसहरु वैदेशिक रोजगारीमा काम गर्ने गरेको पाइयो ।

## ४.२ वातावरण सम्बन्धी विवरण :

यस अन्तर्गत सुनसरी जिल्ला इटहरी वडा नं. २२ मा वातावरणीय सन्दर्भमा अध्ययन गर्दाका विषयवस्तुहरु जस्तै : घर आँगन बढार्ने सम्बन्धी, बाटोघाटो सफा गर्ने वारेमा, पिउने पानीको स्रोत र सफाईको सम्बन्धमा, फोहोरमैलाको व्यवस्थापन गर्ने वारेमा, वातावरण प्रदुषणले स्वास्थ्यमा पार्ने असरका सम्बन्धमा, दुषित हावाबाट लाग्ने रोग सम्बन्धी ज्ञान, वातावरण सरसफाई राख्न गरिएका कार्यहरु, वनविनासको कारण र यसका असरहरुको सम्बन्धमा समुदायबाट प्राप्त विवरणहरु प्रस्तुत गरिएको छ ।

### ४.२.१ घर आँगन बढार्ने सम्बन्धी विवरण :

यस समुदायका मानिसहरुले घर आँगन बढार्ने सम्बन्धी विवरणलाई तलको तालिकाद्धारा स्पष्ट पारिएको छ ।

**तालिका नं. ४ : घर आँगन बढार्ने सम्बन्धी विवरण**


| क्र.सं. | विवरण | घर संख्या | प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| 1 | घर आँगन १ पटक बढार्ने | 70 घर | 66.66% | |
| 2 | घर आँगन २ पटक बढार्ने | 35 घर | 33.33% | |
| 3 | घर आँगन नबढार्ने | 0 घर | 0% | |
| | **जम्मा** | **105** | **100%** | |

प्रस्तुत तालिका नं. ४ लाई विश्लेषण गर्दा अध्ययन गरेका १०५ घर परिवारहरुमा सबै अर्थात १०५ घर परिवारले नै घर आँगन बढार्ने गरेको पाइयो । जसमध्ये ७० घर अर्थात ६६.६६%ले दिनमा १ पटक मात्र बढार्ने गरेको र ३५ घर अर्थात ३३.३३% ले दिनमा २ पटक घर आँगन बढार्ने गरेको पाइयो भने घर आँगन नबढार्नेको संख्या ० रहेको पाइयो ।

### ४.२.२ बाटोघाटो सफा गर्ने सम्बन्धी विवरण :

वातावरण स्वच्छ राख्नका लागि यस समुदायका मानिसहरुले बाटोघाटो सफा गर्ने सम्बन्धमा अध्ययन गर्दा प्राप्त नतिजालाई तल उल्लेख गरिएको छ ।

**चित्र नं. ३ : बाटोघाटो सफा गर्ने सम्बन्धी विवरण**



प्रस्तुत स्तम्भ चित्र नं. ३ लाई विश्लेषण गर्दा यस समुदायका मानिसहरुलाई बाटोघाटो सफा गर्नुभएको छ ? भन्ने प्रश्न गर्दा १०५ घर मध्ये ६६ घर (६२.८५%) ले सधै सफा गर्ने गरेको, २५ घर (३३.८०%) ले कहिलेकाही सफा गर्ने गरेको र १४ घर (१३.३३%) सफा नगर्ने गरेको पाइयो ।

**४.२.३ घरमा पिउने पानीको स्रोत भए नभएको सम्बन्धी विवरण :**

अध्ययन जनसंख्याको रुपमा रहेको १०५ घर परिवारमा तपाईको आफ्नै पिउने पानीको स्रोत छ या छैन भनी गरिएको अध्ययनबाट प्राप्त नतिजालाई हेर्दा अध्ययन गरिएको घरधुरीमध्ये ९७ घर अर्थात ९२.३८% मा आफ्नै पिउने पानीको स्रोत रहेको र ८ घर अर्थात ७.६१% मा आफ्नै पिउने पानीको स्रोत नरहेको पाइयो ।

**४.२.४ पिउने पानीको स्रोत सफा राख्ने सम्बन्धी विवरण :**

यस इटहरी उपमहानगरपालिका वडा नं. २२ मा अध्ययन गर्दा अध्ययनको दायरामा रहेको सम्पूर्ण जनसंख्या १०५ घर परिवारले नै पिउने पानीको स्रोत सफा राख्ने गरेको पाइयो । जुन १००% हो भने पिउने पानीको स्रोत सफा नगर्ने ० घर अर्थात ०% नै रहेको पाइयो ।

**४.२.५ फोहोरमैलाको व्यवस्थापन गर्ने सम्बन्धी विवरण :**

यस समुदायमा वातावरण सफा राख्नको लागि उत्सर्जित फोहोरमैलाको व्यवस्थापन कसरी गर्ने गरेको छ भनी अध्ययन गर्दा प्राप्त नतिजालाई तलको तालिकाबाट प्रष्ट पारिएको छ ।

**तालिका नं. ५ : फोहोरमैलाको व्यवस्थापन गर्ने सम्बन्धी विवरण**

| क्र.सं. | विवरण | संख्या | प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| 1 | थुपार्ने | 32 | 30.47 % | |
| 2 | जलाउने | 59 | 56.19 % | |
| 3 | गाड्ने | 14 | 13.33 % | |
| | **जम्मा** | **105** | **100%** | |

माथिको तालिका नं. ५ अनुसार १०५ घरपरिवार मध्ये ३२ घर (३०.४७%) ले फोहोरमैला थुपार्ने गरेको, ५९ घर (५६.१९%) ले जलाउने गरेको र १४ घर (१३.३३%) ले गाडेर फोहोरमैलाको विसर्जन गर्ने गरेको पाइयो ।

### ४.२.६ वातावरण सरसफाई राख्नको लागि गरिएको कार्यसम्बन्धी विवरण :

वातावरणले मानिसको स्वास्थ्यमा प्रत्यक्ष असर पार्ने हुनाले समुदायमा बस्ने मानिसहरुले वातावरण सरसफाई राख्ने कार्यहरु गर्नु आवश्यक हुन्छ र यो समुदायमा यस कार्यका लागि के कस्ता क्रियाकलापहरु गरिन्छन् भन्ने सन्दर्भको अध्ययनमा प्राप्त नतिजालाई तल प्रस्तुत गरिएको छ ।

**तालिका नं. ६ : वातावरण सरसफाई राख्नका लागि गरिएका कार्य सम्बन्धी विवरण**


| क्र.सं. | विवरण | संख्या | प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| 1 | फोहोरमैला व्यवस्थाप | 11 | 10.47 % | |

| | | | | |
|---|---|---|---|---|
| | न कार्यक्रम | | | |
| 2 | कुँचो झाडु लगाउने | 67 | 63.80 % | |
| 3 | केही पनि नगर्ने | 27 | 25.71 % | |
| | **जम्मा** | **105** | **100%** | |

मथिको तालिका नं. ६ लाई विश्लेषण गर्दा अध्ययन गरिएका १०५ मध्ये ११ घर अथवा १०.४७% मानिसहरुले वातावरण सरसफाई राख्नका लागि फोहोरमैला व्यवस्थापन कार्यक्रम गर्ने गरेको, ६७ घर अथवा ६३.८०% ले कुच्चो, झाडु लगाउने क्रियाकलाप गर्ने गरेको र २७ घर अथवा २५.७१% ले कुनै क्रियाकलाप नगर्ने गरेको पाइयो ।

यस विवरणलाई अझ स्पष्ट पार्नको लागि वृत्त चित्रमा तल प्रस्तुत गरिएको छ ।

**चित्र नं. ४ : वातावरण सरसफाई राख्नका लागि गरिएका कार्य सम्बन्धी विवरण**




**४.२.७ वातावरण प्रदुषणले स्वास्थ्यमा पार्ने असर सम्बन्धी विवरण :**

वतावरण प्रदुषणले स्वास्थ्यमा पार्ने असरको वारेमा समुदायका मानिसहरुमा ज्ञानको स्तर के, कस्तो छ भनी पहिचान गर्ने यस अध्ययनको उद्देश्य अनुरुप गरिएका अध्ययनमा प्राप्त तथ्याङ्क तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ७ : वातावरण प्रदुषणले स्वास्थ्यमा पार्ने असर सम्बन्धी विवरण**

| क्र.सं. | विवरण | संख्या | प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| 1 | थाहा छ | 37 | 35.23% | |
| 2 | थाहा छैन | 68 | 64.76% | |
| | **जम्मा** | **105** | **100%** | |

प्रस्तुत तालिका नं. ७ लाई आधारमानी विश्लेषण गर्दा वातावरण प्रदुषणले स्वास्थ्यमा पर्ने असरहरु वारे थाहा छ ? भनी अध्ययन गर्दा थाहा छ भन्ने परिवार ३७ अर्थात ३५.२३% र थाहा छैन ६८ परिवार अर्थात ६४.७६% रहेको पाइयो । यो विवरणलाई हेर्दा समुदायमा वातावरण प्रदुषणले स्वास्थ्यमा पार्ने असरको वारेमा बढी मानिसहरुलाई थाहा भएको पाइयो ।

**४.२.८ दुषित हावाबाट लाग्ने रोग सम्बन्धी विवरण :**

इटहरी वडा नं. २२ मा गरिएको अध्ययनमा दुषित हावाबाट लाग्ने रोग सम्बन्धी ज्ञानको स्तर पत्ता लगाउन गरिएको प्रश्नमा प्राप्त विवरणलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ८ : दुषित हावाबाट लाग्ने रोग सम्बन्धी विवरण**

| क्र.सं. | विवरण | संख्या | प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| 1 | थाहा छ | 41 | 39.04% | |
| 2 | थाहा छैन | 64 | 60.95% | |
| | **जम्मा** | **105** | **100%** | |

प्रस्तुत तालिका नं. ८  अनुसार दुषित हावाबाट लाग्ने रोगहरुको वारेमा तपाईलाई थाहा छ ? भनी अध्ययन गर्दा ४१ घरपरिवार (३९.०४%) ले थाहा छ र ६४ (६०.९५%) घरपरिवारले थाहा छैन भने धारणा व्यक्त गरेको पाइयो जसबाट दुषित हाबाबाट लाग्ने रोगहरु सम्बन्धी ज्ञान भएका मानिसहरुको संख्या नै समुदायमा बढी रहेको पाइयो ।

### ४.२.९ दुषित वातावरणको जानकारी सम्बन्धी विवरण :

**तालिका नं. ९ : दुषित वातावरणको जानकारी सम्बन्धी विवरण**


| क्र.सं. | विवरण | संख्या | प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| 1 | थाहा छ | 44 | 41.90% | |
| 2 | थाहा छैन | 61 | 58..09 % | |
| | **जम्मा** | **105** | **100%** | |

प्रस्तुत तालिका नं. ९ लाई विश्लेषण गर्दा दुषित वातावरणको वारेमा जानकारी हुने अर्थात थाहा छ भने मानिसहरु ४४ अथवा ४१.९०% र थाहा छैन ६१ अथवा ५८.०९% रहेको पाइयो । यो नतिजाले समुदायमा दुषित वातावरणको वारेमा जानकारी भएका मानिसहरु नै बढी रहेको पाइयो ।

### ४.२.१० वायु प्रदुषण र यसका असरहरु सम्बन्धी विवरण :

वायु प्रदुषण र यसका असरहरु सम्बन्धी ज्ञानको स्तर मापन गर्ने उद्देश्यले निर्मित यस प्रश्नमा प्राप्त विवरण तलको स्तम्भ चित्रमा प्रष्ट गरिन्छ ।

**चित्र नं. ५ : वायु प्रदुषण र यसका असरहर सम्बन्धी विवरण**




प्रस्तुत स्तम्भ चित्र नं. ५ लाई विश्लेषण गर्दा वायु प्रदुषण र यसका असरहरु वारेमा थाहा छ भन्ने ६४ घर (६०.९५%) र थाहा छैन भन्ने ४१ घर (२९.०४%) रहेको पाइयो । यो अध्ययनका आधारमा यस समुदायमा वायु प्रदुषण र यसका असरहरुको वारेमा बढी मानिसहरुलाई थाहा भएको पाइयो ।

**४.२.११ आँखा पाक्नुका कारणहरु सम्बन्धी विवरण :**

वातावरण प्रदुषणको परिणाम स्वरुप स्वास्थ्यमा देखिने एउटा असर आँखा पाक्नुको कारण सम्बन्धमा अध्ययन गर्दा निम्नानुसार तथ्याङ्क प्राप्त भयो जसलाई तलको वृत्तचित्रमा प्रस्तुत गरिएको छ ।

**चित्र नं. ६ : आँखा पाक्नुका कारणहरु सम्बन्धी विवरण**





माथिको चित्र नं. ६ लाई विश्लेषण गर्दा आँखा पाक्नुको कारण दुषित हावा मध्ये भन्ने ५३ घर अर्थात ५०.४७% मानिसहरु थाहा पाइयो त्यस्तै गरी दुषित पानीले भन्ने २४ घर अर्थात २२.८५% र कारण थाहा छैन भन्ने २८ घर अर्थात २६.६६% मानिसहरु रहेका थिए ।

**४.२.१२ सुन्न सक्ने क्षमतामा ह्रास आउने कारणहरुको विवरण :**

समुदायमा सुन्न सक्ने क्षमतामा के कारणले ह्रास आउँछ भनी अध्ययन गर्दा प्राप्त नतिजालाई तलको स्तम्भ चित्रद्धारा प्रष्ट पार्ने गरिएको छ ।

चित्र नं. ७ : सुन्न सक्ने क्षमतामा ह्रास आउने कारणहरुको विवरण




प्रस्तुत चित्र नं. ७ लाई विश्लेषण गर्दा अध्ययन गरिएका १०५ घर मध्ये सुन्न सक्ने क्षमतामा ध्वनी प्रदुषणका कारणले ह्रास आउँछ भन्ने उत्तर दिने ७९ घर (७५.२३%) रहेको पाइयो । त्यस्तै गरी दुषित हावाले गर्दा भन्नेमा १५ घर (१४.२८%) र दुषित पानीले गर्दा सुन्ने क्षमतामा ह्रास आउँछ भन्नेमा ११ घर (१०.४७%) मानिसहरु रहेको पाइयो । यसरी हेर्दा ध्वनी प्रदुषणको कारणले सुन्न सक्ने क्षमतामा ह्रास आउँछ भन्ने मानिसहरुको मत बढी रहेको पाइयो ।

**४.२.१३ वन विनाशका कारणहरु सम्बन्धी विवरण :**

वातावरण प्रदुषण हुनमा महत्वपूर्ण भूमिका खेल्ने एउटा कारण वन विनाश पनि हो । वन विनाशले वातावरणका विभिन्न पक्षहरुमा प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा असर गरिरहेको हुन्छ । यसै सन्दर्भमा अध्ययनका क्रममा समुदायका मानिसहरुलाई वन विनाशका कारणहरु के के हुन् ? भनी प्रश्न गर्दा उनीहरुबाट प्राप्त विवरणलाई तलको तालिकाद्धारा प्रष्ट पारिएको छ ।

**तालिका नं. १० : वन विनाशका कारणहरु सम्बन्धी विवरण**

| क्र.सं. | विवरण | संख्या | प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| 1 | बढ्दो जनसंख्या | 56 | 53.33 % | |
| 2 | वेरोजगारी | 33 | 31.42 % | |


| | | | | |
|---|---|---|---|---|
| 3 | अज्ञानता | 16 | 15.23 % | |
| | **जम्मा** | **105** | **100%** | |

प्रस्तुत तालिका नं. १० लाई विश्लेषण गर्दा वन विनाशका कारणहरु के के हुन् भन्ने सन्दर्भमा बढ्दो जनसंख्या भन्ने ५६ घरपरिवार अर्थात ५३.३३%, बेरोजगारी ३३ घरपरिवार अर्थात ३१.४२% र अज्ञानतामा १६ घरपरिवार अर्थात १५.२३% रहेको पाइयो ।

### ४.२.१४ वन विनाशका असरहरु सम्बन्धी विवरण :

वन विनाशका असरहरु सम्बन्धी विवरण तलको स्तम्भ चित्रमा प्रस्तुत गरिएको छ ।

**चित्र नं. ८ : वन विनाशका असरहरु सम्बन्धी विवरण**




माथिको चित्र नं. ८ लाई विश्लेषण गर्दा वन विनाशका असरहरुका सन्दर्भमा यसको असर स्वरुप बाढी भन्नेमा ३९ घर (३७.१४%), पहिरो ४४ घर (४१.९०%) र भू-क्षय भन्नेमा घर (२०.९५%) मानिसहरु रहेको पाइयो ।

### ४.३ व्यक्तिगत सरसफाई सम्बन्धी विवरण :


स्वास्थ्य मानिसको अमूल्य सम्पत्ति हो । त्यसैले प्रत्येक मानिस स्वास्थ्य रहनका लागि उसलाई व्यक्तिगत सरसफाई सम्बन्धी ज्ञान हुन आवश्यक हुन्छ । व्यक्तिगत सरसफाईको कमीले व्यक्तिलाई स्वास्थ्य सम्बन्धी समस्याले सताउने सक्दछ । व्यक्तिगत सरसफाई मानिसको निम्ति एक अतिआवश्यक र महत्वपूर्ण कार्य हो ।

यस अन्तर्गत व्यक्तिगत सरसफाईसँग सम्बन्धित रहेर अध्ययन गरिएका विषयवस्तुहरु मानिसहरुले नुहाउँने सम्बन्धी विवरण, साबुनको प्रयोग, खाना खानु आदि हात धुने अभ्यास, हातखुट्टाको नङ्ग काट्ने सम्बन्धी, चर्पीको प्रयोग, दाँत माझ्ने अभ्यास, लगाउने कपडा धुने सम्बन्धी जस्ता व्यक्तिगत सरसफाई सम्बन्धी महत्वपूर्ण विवरणहरु र ती विवरणहरुमा अध्ययनले ल्याएका नतिजाहरुलाई तालिका र चित्र सहित विश्लेषणात्मक ढंगले प्रस्तुत गरिएको छ ।

**४.३.१ मानिसहरुले नुहाउँने सम्बन्धी विवरण :**

इटहरी वडा नं. २२ मा गरिएको यस अध्ययनको क्रममा उक्त समुदायका मानिसहरुले नुहाउँने सम्बन्धी प्राप्त भएको विवरण तलको चित्रद्धारा प्रष्ट पारिएको छ ।


**चित्र नं. ९ : मानिसहरुले नुहाउँने सम्बन्धी विवरण**




प्रस्तुत चित्र नं. ९ लाई विश्लेषण गर्दा यस समुदायमा अध्ययन गरिएका १०५ घरपरिवार मध्ये दैनिक रुपमा सधै नुहाउँने ८१.९०% हप्तामा एक पटक नुहाउँने १०.४७% र कहिलेकाही नुहाउँने ७.६१% रहेको पाइयो । यो नतिजालाई हेर्दा समुदायमा दैनिक रुपमा नुहाउँने मानिसहरुको संख्या बढी रहेको छ ।

**४.३.२ नुहाउँदा साबुनको प्रयोग गर्ने सम्बन्धी विवरण :**

**चित्र नं. १० : नुहाउँदा साबुनको प्रयोग गर्ने सम्बन्धी विवरण**



प्रस्तुत चित्र नं. १० लाई विश्लेषण गर्दा यस समुदायका १०५ घर मध्ये अधिकांश ८६ घर अर्थात ८९.५२% मानिसहरुले नुहाउँदा साबुनको प्रयोग गर्ने गरेको, ३ घर अर्थात २.८५% ले साबुनको प्रयोग नगर्ने गरेको र ८ घर अर्थात ७.६१% मानिसहरुले कहिलेकाही मात्र नुहाउँदा साबुनको प्रयोग गर्ने गरेको पाइयो ।

**४.३.३ खाना खानु अघि हात धुने सम्बन्धी विवरण :**

इटहरी वडा नं. २२ मा व्यक्तिगत सरसफाईको सन्दर्भमा अध्ययन गर्दा समुदायका मानिसहरुलाई तपाई खाना खानु अघि केले हात धुने गर्नु हुन्छ भनी प्रश्न राख्दा समुदायका मानिसहरुबाट प्राप्त नतिजालाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ११ : खाना खानु अघि हात धुने सम्बन्धी विवरण**

| क्र.सं. | विवरण | संख्या | प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| 1 | पानीले | 29 | 27.61% | |
| 2 | साबुन पानीले | 67 | 63.80% | |
| 3 | खरानी पानीले | 9 | 8.5% | |
| 4 | धुदिन | 0 | 0% | |
| | **जम्मा** | **105** | **100%** | |

प्रस्तुत तालिका नं. ११ लाई विश्लेषण गर्दा अध्ययनको दायरामा रहेका कुल १०५ घरपरिवार मध्यये खाना खानु अघि पानीले मात्र हात धुने २९ घर (२७.६१%), साबुन पानीले हात धुने ६७ घर (६३.८०%), खरानी पानीले हात धुने ९ घर (८.५७%) र हात धुदिन ० घर (०%) नै रहेको पाइयो । यो नतिजाले यस समुदायका सबै मानिसहरुले खानाखानु अघि हात धुने गरेको पाइयो ।


**४.३.२ हात खुट्टाको नङ्ग काट्ने सम्बन्धी विवरण :**

इटहरी वडा नं. २२ मा गरिएको अध्ययनमा अध्ययनकर्ताले तपाई हातखुट्टाको नङ्ग काट्नु हुन्छ भन्ने प्रश्न गर्दा सबै अर्थात १०५ घरपरिवार (१००%) का मानिसहरुले नै काट्नु भन्ने जवाफ दिएको पाइयो । यस समुदायका मानिसहरुले हप्तै पिच्छे हातखुट्टाको नङ्ग काट्ने गरेको पाइयो । जुन अत्यन्त राम्रो पक्ष मान्नु पर्दछ ।

### ४.३.५ दिशा गर्न जाने ठाउँ सम्बन्धी विवरण :

यस समुदायका मानिसहरुले दिशा गर्न जाने ठाउँ सम्बन्धी तलको चित्रद्धारा प्रस्तुत गरिएको छ ।

**चित्र नं. ११ : दिशा गर्न जाने ठाउँ सम्बन्धी विवरण**





प्रस्तुत चित्र नं. ११ लाई विश्लेषण गर्दा यस समुदायका ९३ परिवार अथवा ८८.५७% मानिसहरुले चर्पीमा दिशा गर्न जाने गरेको, ९ घरपरिवार अथवा ८०.५७% ले बारीमा दिशा गर्न जाने गरेको र ३ घरपरिवार अथवा २.८५% मानिसहरुले बाटोघाटो तथा जथाभावी दिशा गर्ने गरेको पाइयो ।

### ४.३.६ दिशा गरेपछि हात सफा गर्ने सम्बन्धी विवरण :

यस इटहरी वडा नं. २२ मा दिशा गरेपछि केले हात सफा गर्नु हुन्छ भनी अध्ययन गर्दा अधिकाशंले साबुनपानीले हात सफा गर्ने गरेको पाइयो । जसको चित्र तल प्रस्तुत गरिएको छ ।

**चित्र नं. १२ : दिशा गरेपछि हात सफा गर्ने सम्बन्धी विवरण**



प्रस्तुत चित्र नं. १२ लाई विश्लेषण गर्दा १०५ घरमध्ये ८९ घर (८४.७६%) ले दिशा गरेपछि साबुन पानीले हात धुने गरेको, ११ घर (१०.४७%) ले पानीले मात्र हात धुने गरेको र ५ घर ( ४.७६%) ले खरानीले हात धुने गरेको पाइयो ।

**४.३.७ साबुनको प्रयोग गर्नुको कारण सम्बन्धी विवरण :**

अध्ययनका क्रममा समुदायका मानिसहरुलाई तपाई साबुनको प्रयोग किन गर्नुहुन्छ भनी प्रश्न गर्दा प्राप्त भएको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. १२ : साबुनको प्रयोग गर्नुको कारण सम्बन्धी विवरण**

| क्र.सं. | विवरण | संख्या | प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| 1 | दुर्गन्ध हटाउने | 31 | 29.52 % | |
| 2 | स्वच्छ हुन | 65 | 61.90 % | |
| 3 | साबुनलेमात्र हात सफा हुन्छ भनेर | 9 | 8.57% | |
| | **जम्मा** | **105** | **100%** | |

प्रस्तुत तालिका नं. १२ लाई विश्लेषण गर्दा दुर्गन्ध हटाउनका लागि साबुनको प्रयोग गर्ने ३१ घर अथवा ५९.५२% स्वच्छ हुन साबुनको प्रयोग गर्ने ६५ घर अथवा ६१.९०% र साबुनलेमात्र हात सफा हुन्छ भनेर साबुनको प्रयोग गर्ने ९ घर अथवा ८.५७% रहेको पाइयो ।

**४.३.८ दाँत माझ्ने सम्बन्धी विवरण :**


समुदायका १०५ घरधुरीका मानिसहरुको व्यक्तिगत सरसफाईको प्रशङ्गमा तपाई दाँत माझ्नु हुन्छ ? भन्ने प्रश्नको माध्यमद्वारा अध्ययन गर्दा सबै अर्थात १०५ घरपरिवार

(१००%) मानिसहरुले नै दाँत माभ्‍ने गरेको र दाँत नमाभ्‍ने घरपरिवारको संख्या शुन्य (०%) रहेको पाइयो । यस समुदायको यो अर्को सकारात्मक पक्ष मान्न सकिन्छ ।

**४.३.९ दाँत माभ्‍ने समय सम्बन्धी विवरण :**

सुनसरी जिल्ला इटहरी वडा नं. २२ मा रहेका मानिसहरुले दाँत माभ्‍ने सम्बन्धमा अध्ययन गर्दा केही मानिसहरुले बिहान, कहिले बेलुका र केही मानिसहरु बिहान र बेलुका गरी दुबै समय आफ्नो दाँत माभ्‍ने गरेको पाइयो । यस सम्बन्धी विवरण तल प्रस्तुत गरिएको छ ।

**चित्र नं. १३ : दाँत माभ्‍ने समय सम्बन्धी विवरण**




प्रस्तुत चित्र नं. १३ लाई विश्लेषण गर्दा कुल १०५ घरमध्ये ६४ घर (६०.९५%) ले बिहान माभ्‍ने गरेको, ८ घर (७.६१%) ले बेलुका माभ्‍ने गरेको र ३३ घर (३१.४२%) मानिसहरुले बिहान तथा बेलुका दुबै समय दाँत माभ्‍ने गरेको पाइयो ।


**४.३.१० लुगा धुने सम्बन्धी विवरण :**

यस समुदायको व्यक्तिगत सरसफाई सम्बन्धी अध्ययन गर्ने सन्दर्भमा समुदायका मानिसहरुले लगाउने लुगा कहिलेकाही सफा गर्नु हुन्छ भनी अध्ययन गर्दा १०५ घरपरिवारमा २७ घर अर्थात (२५.७१%) मानिसहरुले दैनिक सधै सफा गर्ने गरेको, ३९ घर अर्थात (३७.१४%) ले कहिलेकाही सफा गर्ने गरेको र ३९ घर अर्थात (३७.१४%) ले एक हप्तामा ५ पटक सफा गर्ने गरेको पाइयो ।

**४.३.११ लुगा के ले धुने सम्बन्धी विवरण :**

इटहरी वडा नं. २२ मा वातावरणीय तथा व्यक्तिगत सरसफाई वारेमा अध्ययन गर्ने क्रममा छनौट गरिएका १०५ घरपरिवारका मानिसहरुलाई तपाई लुगा के ले धुनु हुन्छ भनी प्रश्न गर्दा प्राप्त भएको यथार्थ विवरण चित्र सहित तल प्रस्तुत गरिएको छ ।

**चित्र नं. १४ : लुगा के ले धुने सम्बन्धी विवरण**




प्रस्तुत स्तम्भ चित्र नं. १४ लाई विश्लेषण गर्दा उक्त समुदायमा पानीलेमात्र लुगा धुने ६ घर अर्थात ५.७१% साबुनपानीले लुगा धुने ६३ घर अर्थात ६०% र सरफ पानीले लुगा धुने २६ घर अर्थात ३४.३८% मानिसहरु रहेको पाइयो । यसरी हेर्दा समुदायमा साबुनपानीले लुगा धुने मानिसहरु बढी रहेको पाइयो ।

**४.३.१२ झाँडापखाला लाग्नुको कारण सम्बन्धी विवरण :**

यस समुदायका मानिसहरुमा रोग तथा स्वास्थ्य सम्बन्धी विषयमा ज्ञानको स्तर थाहा पाउने उद्देश्यले अध्ययनको पक्षमा समेटिएको यो झाँडापखाला लाग्नुको मुख्य कारण के हो ? भन्ने विषयमा केन्द्रित रहेर अध्ययन गर्दा निम्न विवरण प्राप्त भयो जसलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. १३ : झाँडापखाला लाग्नुको कारण सम्बन्धी विवरण**

| क्र.सं. | विवरण | संख्या | प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| 1 | सरसफाई को कमीले | 48 | 45.71 % | |
| 2 | दुषित पानीले | 19 | 18.09 % | |
| 3 | दुषित खानाले | 29 | 27.61 % | |
| 4 | अन्य कारणले | 9 | 8.5% | |
| | **जम्मा** | **105** | **100%** | |

माथि प्रस्तुत गरिएको तालिका नं. १३ लाई विश्लेषण गर्दा अध्ययन गरिएका १०५ घरपरिवारमा सरसफाईको कमीले झाँडापखाला लाग्छ भन्ने धारणा राख्ने ४८ घर (४५.७१%), दुषित पानीले झाँडापखाला लाग्छ भन्नेमा १९ घर (१८.०९%), दुषित खानाले २९ घर (२७.६१%) र अन्य कारणले झाँडापखाला लाग्छ भन्ने धारणा व्यक्त गर्नेमा ९ घर (८.५७%) मानिसहरु रहेको पाइयो ।

### ४.३.१३ जीवनजल प्रयोग गर्ने सम्बन्धी विवरण :

यस समुदायमा गरिएका जीवनजल प्रयोग गर्ने सम्बन्धी अध्ययन अनुसार झाँडापखाला लाग्दा जीवनजल प्रयोग गर्ने ८४ घर परिवार अर्थात ८०% पेट दुख्दा जीवनजल प्रयोग गर्ने १९ घर अर्थात १८.९% र ज्ञानको अभावले गर्दा जीवनजलको प्रयोग खुट्टा दुख्दा गरिन्छ भन्ने २ घर अर्थात १.९०% मानिसहरु रहेको पाइयो ।

### ४.३.१४ समुदायका मानिसहरुले कपाल कोर्ने सम्बन्धी विवरण :

इटहरी उपमहानगरपालिका वडा नं. २२ मा गरिएको अध्ययनमा समुदायका मानिसहरुले कपाल कोर्ने सम्बन्धी विवरण तल प्रस्तुत गरिएको छ ।

**तालिका नं. १४ : मानिसहरुले कपाल कोर्ने सम्बन्धी विवरण**

| क्र.सं. | विवरण | संख्या | प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| 1 | कपाल कोर्ने | 91 | 86.66% | |
| 2 | कपाल | 14 | 13.33% | |


| | | | | |
|---|---|---|---|---|
| | नकोर्ने | | | |
| | **जम्मा** | **105** | **100%** | |

प्रस्तुत तालिका नं. १४ लाई विश्लेषण गर्दा अध्ययन गरिएका १०५ घरपरिवार मध्ये ९१ घर अर्थात ८६.६६% मानिसहरुले कपाल कोर्ने गरेको र १४ घर अर्थात १३.३३% मानिसहरुले कपाल नकोर्ने गरेको पाइयो ।

**४.३.१५ कपालमा तेल लगाउने सम्बन्धी विवरण :**

अध्ययन क्षेत्रको रुपमा रहेको यस समुदायका मानिसहरुलाई व्यक्तिगत सरसफाई सम्बन्धमा अध्ययन गर्दा कपालमा तेल लगाउनु हुन्छ भनी प्रश्न गर्दा ५२ घर परिवार (४९.५२%) ले लगाउँछ भनेको, २१ घर परिवार (२०%) ले लगाउँदिन भनेको र ३२ घरपरिवार (३०.४७%) ले कहिलेकाही लगाउने गरेको पाइयो । यस तथ्याङ्कलाई तलको स्तम्भ चित्रद्धारा प्रष्ट पारिएको छ ।

**चित्र नं. १५ : कपालमा तेल लगाउने सम्बन्धी विवरण**




**४.३.१६ हातखुट्टा सरसफाई गर्ने सम्बन्धी विवरण :**

व्यक्तिगत सरसफाईको अवस्थालाई कायम राख्न व्यक्तिले हातखुट्टाको सरसफाई गर्नु पनि उत्तिकै अनिवार्य हुन्छ । यही कुरालाई ध्यानमा राखेर अध्ययनको सिलसिलामा

मानिसहरुलाई तपाई दिनमा कतिपटक हातखुट्टा सफा गर्नुहुन्छ भनी अध्ययन गर्दा प्राप्त नतिजालाई निम्नानुसार तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. १५ : हातखुट्टा सरसफाई गर्ने सम्बन्धी विवरण**


| क्र.सं. | विवरण | संख्या | प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| 1 | दिनमा एक पटक गर्छु | 7 | 6.66% | |
| 2 | दुई पटक गर्छु | 57 | 54.28% | |
| 3 | तीन पटक गर्छु | 41 | 39.04% | |
| 4 | गर्दिन | 0 | 0% | |
| | **जम्मा** | **105** | **100%** | |

प्रस्तुत तालिका नं. १५ लाई विश्लेषण गर्दा हातखुट्टाको सरसफाई दिनमा एक पटक मात्र गर्ने ७ घर अर्थात ६.६६% मानिसहरु रहेको, दिनमा दुई पटक सरसफाई गर्ने ५७ घरपरिवार अर्थात ५४.२८% रहेका, दिनमा तीन पटक सरसफाई गर्ने ४१ घरपरिवार अर्थात ३९.०४% र सरसफाई नगर्नेको संख्या ० अर्थात ०% रहेको पाइयो ।

**४.३.१७ चर्पी प्रयोग नगर्दा लाग्ने रोगहरुको जानकारी सम्बन्धी विवरण :**

चर्पीको प्रयोग नगर्दा लाग्ने रोगहरुको जानकारीको अवस्था बुझ्न गरिएको अध्ययनबाट प्राप्त नतिजा तलको चित्रमा प्रस्तुत गरिएको छ ।

**चित्र नं. १६ : चर्पी प्रयोग नगर्दा लाग्ने रोगहरुको जानकारी सम्बन्धी विवरण**




प्रस्तुत चित्र नं. १६ लाई विश्लेषण गर्दा चर्पीको प्रयोग नगरी जथाभावी दिशा पिशाव गर्दा चर्पीको प्रयोग नगरी जथाभावी दिशापिशाव गर्दा जुका पर्दा भन्ने धारणा दिने २१ घरपरिवार ( २०%), झाँडापखालाको संक्रमण हुन्छ भन्नेमा ६९ घरपरिवार (६५.७१%) र टाइफाइड हुन्छ भन्नेमा १५ घरपरिवार (१४.२८%) मानिसहरु रहेको पाइयो ।

**४.३.१८ घर आँगनबाट निस्केको फोहोरमैला विसर्जन सम्बन्धी विवरण :**

यस समुदायका मानिसहरुले आफ्नो घर आँगनबाट निस्केको फोहोरमैला विसर्जन गर्नको लागि विभिन्न तरिकाहरु अपनाउने गरेको पाइयो । जसलाई तल प्रस्तुत गरिएको छ ।

**चित्र नं. १७ : आँगनबाट निस्केको फोहोरमैला बिसर्जन सम्बन्धी विवरण**




माथि प्रस्तुत गरिएको स्तम्भ चित्र नं. १७ लाई विश्लेषण गर्दा अध्ययन गरिएका १०५ घरपरिवारमा घर आँगनबाट निस्केको फोहोरमैला जलाएर निसर्जन वा व्यवस्थापन गर्ने ६१ घर अथवा ५८.०९% मानिसहरु, गाडेर विसर्जन गर्ने १९ घर अथवा १८.०९% कम्पोष्ट मल बनाउने

१७ घर अथवा १६.१९% र जथाभावी फ्याक्ने ८ घर अथवा ७.६१% मानिसहरु रहेको पाइयो । समुदायमा जलाएर फोहोरमैला विसर्जन बढी मात्रामा गर्ने गरेको पाइयो ।

**४.३.१९ भान्साबाट निस्केको दुषित पानी व्यवस्थापन गर्ने सम्बन्धी विवरण :**

इटहरी वडा नं. २२ मा रहेको मानिसहरुलाई तपाई भान्साबाट निस्केको दुषित पानीको व्यवस्थापन कसरी गर्नु हुन्छ भनी अध्ययन गर्दा निम्नानुसारको नतिजा प्राप्त भयो जसलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. १६ : भान्साबाट निस्केको दुषित पानी व्यवस्थापन गर्ने सम्बन्धी विवरण**


| क्र.सं. | विवरण | संख्या | प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| 1 | तरकारी बारिमा | 34 | 32.38% | |
| 2 | कुलो, पैनीमा फ्याक्छु | 55 | 52.38% | |
| 3 | जथाभावी फ्याक्छु | 16 | 15.23% | |
| | **जम्मा** | **105** | **100%** | |

प्रस्तुत तालिका नं. १६ लाई अध्ययन गर्दा अध्ययनको दायरामा रहेको १०५ घरपरिवारमध्ये आफ्नो भान्साबाट निस्केको फोहोरपानी तरकारी बारीमा हाल्ने ३४ घर (३२.३८%), कुलो वा पैनीमा फ्याक्नेमा ५५ घर (५२.३८%) र जथाभावी फ्याक्ने १६ घर (१५.२३%) मानिसहरु रहेको पाइयो ।

**४.३.२० झाँडापखाला लागेमा गरिने उपचार सम्बन्धी विवरण :**

झाँडापखाला रोग जती सुन्दा सामान्य रोग जस्तो लाग्छ त्यती नै गम्भिर तथा मानिसको ज्यान समेत लिन सक्ने रोग हो र यस रोगका कारण हाम्रो देशमा कैयौं बालबालिका तथा बयस्कहरुले समेत ज्यान गुमाइरहेको अवस्था छ । यस्तो अवस्थामा यस समुदायका मानिसहरुलाई झाँडापखाला लाग्दा गर्नु पर्ने उपचार र उपचारका लागि के गर्नु हुन्छ भनी अध्ययन गर्दा प्राप्त भएको नतिजा तलको वृत्तचित्रमा प्रस्तुत गरिएको छ ।

**चित्र नं. १८ : झाँडापखाला लागेमा गरिने उपचार सम्बन्धी विवरण**




प्रस्तुत चित्र नं. १८ लाई विश्लेषण गर्दा यस समुदायका मानिसहरुलाई झाँडापखाला लागेको अवस्थामा ५९ घर परिवारका अथवा ५६.१९% मानिसहरुले जीवनजल खुवाउने गरेको, २८ घर अथवा २६.६६% मानिसहरुले स्वास्थ्य चौकी लाने गरेको, १८ घर अथवा १७.१४% ले धामीलाई देखाउने गरेको पाइयो ।

**४.३.२१ खानेकुरा तथा खानेपानी छोप्ने सम्बन्धी विवरण :**

इटहरी वडा नं. २२ मा १०५ घरपरिवारमा वातावरणीय तथा व्यक्तिगत सरसफाई सम्बन्धमा अध्ययन गर्ने क्रममा समुदायका मानिसहरुको खानेपानी तथा खानेकुरा छोप्ने सम्बन्धी अभ्यास कस्तो छ भनी अध्ययन गर्दा प्राप्त भएको विवरणलाई तलको स्तम्भ चित्रद्धारा प्रष्ट पारिएको छ ।

**चित्र नं. १९ : खानेकुरा तथा खानेपानी छोप्ने सम्बन्धी विवरण**




प्रस्तुत चित्र नं. १९ लाई विश्लेषण गर्दा रोगबाट बच्नको लागि खानेकुरा तथा खानेपानी छोप्ने ५७ घरपरिवार अर्थात ५४.२८% फोहोर हुन नदिनको लागि छोप्ने ४७ घर अर्थात ४४.७६% र अरुले गरेको देखेर सिकेर खानेकुरा तथा खानेपानी छोप्ने १ घर अथवा ०.९५% मानिसहरु रहेको पाइयो ।

**४.४ सारांश तथा मुख्य नतिजाहरु :**

वातावरणीय तथा व्यक्तिगत सरसफाई वर्तमान अवस्थामा अध्ययन गर्नु पर्ने आवश्यक विषय हो । बढ्दो जनसंख्या, अव्यवस्थित शहरिकरण, वन विनाश, अव्यवस्थित औद्योगिकरण र मानव सिर्जित फोहोरमैला र क्रियाकलापले दिन दिनै वातावरण प्रदुषित र हानिकारक बन्दै गइरहेको छ । विकसित तथा विकाशोन्मुख मुलुकहरुबाट वातावरण क्षेत्रमा विभिन्न असरहरु परिरहेका छन् । आणविक भट्टी तथा हातहतियारको उत्पादन र उद्योगधन्दाबाट निस्कने ग्यासहरुले गर्दा ओजन तहको विनाश हुनको साथै जलवायु परिवर्तन, हरितगृह प्रभाव जस्ता समस्याहरु निम्ति रहेको छन् ।

त्यसैगरी व्यक्तिगत सरसफाई मानव जीवनका लागि अत्यन्तै महत्वपूर्ण पक्ष हो । व्यक्तिगत सरसफाईको अभावमा मानिसलाई विभिन्न किसिमका रोगहरुकोलागि स्वास्थ्य स्तरमा नै गिरावट आउन सक्छ, व्यक्तिगत सरसफाईको अभावमा छालाका रोगहरु, झाँडापखाला, हैजा लगायतका अन्य सर्ने तथा नसर्ने रोगहरुको प्रकोप बढ्न सक्दछ । यसर्थ यो वातावरणीय तथा व्यक्तिगत सरसफाईको पक्षमा अध्ययन अनुसन्धान गरी प्राप्त रहेका समस्याहरु उजागर गरी ती समस्या सामाधान क्रियाकलाप गर्नु, नीति निर्माण गर्नु, आवश्यक हुन्छ । यही कुरालाई मध्यनजर गरी, सुनसरी जिल्ला इटहरी उपमहानगरपालिका वडा नं. २२ को मुसहर समुदायको वातावरणीय पक्षमा र १०५ घर परिवारका ५३९ जनसंख्यामा व्यक्तिगत सरसफाई सम्बन्धी विषय मिलाएर यस समुदायको वातावरणीय तथा व्यक्तिगत सरसफाई सम्बन्धी अध्ययन गरिसकेको हो । इटहरी वडा नं. २२ ाम अध्ययन गरेको भए तापनि यसले औषतमा वातावरणीय तथा स्वास्थ्य स्तर पहिचान गरेको छ भन्नेमा अध्ययनकर्तालाई विश्वास छ । यो इटहरी वडा नं. २२ महेन्द्र राजमार्गले केही हिस्सा ओगटेको क्षेत्र हो । यस अध्ययनमा १०५ घरपरिवारलाई अध्ययन जनसंख्याको रुपमा लिइयो । अध्ययनको क्रममा तयार पारिएको प्रश्नावली तथा मौखिक रुपमा अन्य पूरक प्रश्नहरु तथा प्रत्यक्ष अवलोकन गरी विवरण संकलन गर्ने कार्य गरियो । यस अध्ययनमा स्वास्थ्य क्षेत्रका विविध विषयवस्तु माथि अध्ययन अनुसन्धान गर्ने उद्देश्यले यो क्षेत्रलाई छनौट गरिएको हो । वातावरणीय तथा व्यक्तिगत सरसफाईको सम्बन्धमा अध्ययन गर्न उद्देश्य र सीमा निर्धारित गरियो । अध्ययनमा राखेको विषयलाई पूरा गर्न तथ्याङ्क संकलन गरी प्राप्त तथ्याङ्कलाई प्रशोधन गरी तालिकिकरण गरियो । यसरी तालिकिकरण गरिएको

तथ्याङ्कलाई विभिन्न शीर्षक उपशीर्षकमा विभाजन गरी छुट्टा-छुट्टै तालिका बनाई राखिएको छ । तथ्याङ्कलाई प्रष्टसँग संख्या र प्रतिशतमा प्रस्तुत गरिएको छ । उद्देश्य अनुरुप संकलित तथ्याङ्कलाई तालिका स्तम्भचित्र तथा वृत्त चित्रमा प्रस्तुत गरी विश्लेषणात्मक ढङ्गले उल्लेख गरिएको छ ।

## ४.५ मुख्य नतिजाहरु :

इटहरी उपमहानगरपालिका वडा नं. २२ मा गरिएको मुसहर समुदायको वातावरणीय तथा व्यक्तिगत सरसफाई सम्बन्धी १०५ घरपरिवारमा गरिएको अध्ययनबाट प्राप्त नतिजाहरु मध्ये मुख्य नतिजाहरुको संक्षिप्त विवरण यस प्रकार छन् ।

१. अध्ययन क्षेत्रको रुपमा रहेको इटहरी वडा नं. २२ मा विभिन्न जातजाती रहेको पाइयो । जसमा थारु, मुसहर, मुस्लिम, बाहुन, क्षेत्री, तामाङ्ग, राई लगायतका जातजातीका मानिसहरु रहेको पाइयो । यहाँको ५३९ जनसंख्या मध्ये २७९ जना अर्थात ५१.५७% पुरुष र ५६० जना अर्थात ४८.२३% महिला रहेको पाइयो ।

२. अध्ययन जनसंख्याको रुपमा रहेको १०५ घरपरिवारमा विभिन्न धर्म हिन्दु ७८.०९%, बौद्ध ३.८०%, मुस्लिम १६.१९% र क्रिस्चियन १.९०% रहेको पाइयो ।

३. भाषाका आधारमा नेपाली बोल्ने ६ घर अर्थात ५.७१% रहेको त्यस्तै थारु बोल्ने ९२ अर्थात ८७.६१%, मैथिली ७ अर्थात ६.६६% रहेको पाइयो ।

४. शैक्षिक स्थिति अनुसार अनौपचारिक शिक्षा ३८३ (७१.०५%), प्राथमिक ८६ जना अर्थात १५.९५%, नि.मा. तह ५५ (१०.५०%), मा.वि.तह १३ (२.४१%), उच्च शिक्षा २ जना ( ०.३७%) रहेको पाइयो ।

५. पेशाका आधारमा हेर्दा कृषि पेशामा २६ घर (२४.७६%), ३१ घर (२९.५२%), ज्यालामजदुरी, १८ घर (१७.१४%) व्यापार, नोकरी १४ घर (१३.३३%) मानिसहरु रहेको पाइयो ।

६. घर आँगन दिनमा एक पटक बढार्ने ७० घर अर्थात ६६.६६%, दुई पटक बढार्ने ३५ घर अर्थात ३३.३३% र नबढार्नेको संख्या ०% रहेको पाइयो ।

७. आफ्नै घरमा पिउने पानीको स्रोत हुने ९७ घर अर्थात ९२.३८% र पिउने पानीको आफ्नो स्रोत नहुने ८ घर अर्थात ७.६१% रहेको पाइयो ।

८. फोहोरमैलाको व्यवस्थापन गर्ने सन्दर्भमा थुपार्ने ३२ घर (३०.४७%), जलाउने ५९ घर (५६.१९%) र गाड्ने १४ घर (१३.३३%) रहेको पाइयो ।

९. वातावरण प्रदुषणले स्वास्थ्यमा पार्ने असरहरुको वारेमा जानकारी हुनेमा ६८ घर अर्थात ६४.७६% र थाहा छैन भन्नेमा ३७ घर अर्थात ३५.२३% मानिसहरु रहेको पाइयो ।

१०. ४७% कुचो, झाडु लगाउने ६७ घर अथवा ६३.८०% र केही पनि नगर्ने २७ घर अथवा २५.७१% रहेको पाइयो ।

११. वातावरण सरसफाई राख्नका लागि सधै कार्य गर्नेमा २६ घर (२४.७६%), कहिलेकाही गर्नेमा ५४ घर (५१.४२%) र कुनै कार्य नगर्नेमा २५ घर (२३.८०%) पनि मानिसहरु रहेको पाइयो ।

१२. वातावरण सरसफाई राख्नका लागि फोहोरमैला व्यवस्थापन कार्यक्रम गर्ने ११ घर अथवा १०.४७%, कुचो झाडु लगाउने ६७ घर अथवा ६३.८०% र केही पनि नगर्ने २७ घर अथवा ५५.७१% रहेको पाइयो ।

१३. वन विनाशका कारणहरु बढ्दो जनसंख्याले गर्दा हो भन्नेमा ५६ घर वा ५३.३३%, बेरोजगारीले भन्नेमा ३३ घर वा ३१.४२% र अज्ञानताको कारणले भन्नेमा १६ घर वा १५.२३% रहेको पाइयो ।

१४. नुहाउने सम्बन्धमा सधै दैनिक नुहाउने ८६ घर वा ८१.९०%, हप्तामा एक पटक नुहाउनेमा ११ घर वा १०.४७% र कहिलेकाही नुहाउने ८ घर वा ७.६१% रहेको पाइयो ।

१५. खाना खानु अघी हात पानीले मात्र धुनै २९ घर वा २७.६१%, साबुनपानीले धुने ६७ घर वा ६३.८०% र खरानी पानीले धुने ९ घर वा ८.५७% रहेको र हात नधुनेको संख्या शुन्य रहेको पाइयो ।

१६. नङ्ग काट्ने सम्बन्धमा अध्ययन गर्दा समुदायका सबै १०५ घर अर्थात १००% ले नै नियमित रुपमा नङ्ग काट्ने गरेको पाइयो ।

१७. दिशा गर्न जाने ठाउँ सम्बन्धमा अध्ययन गर्दा चर्पीमा दिशा गर्न जाने ९३ घर अथवा ८८.५७%, बारीमा जाने ९ घर अथवा ८.५७% र बाटोमा दिशा गर्ने ३ घर अथवा २.८५% रहेको पाइयो ।

१८. दिशा गरिसकेपछि ११ घर वा १०.४७% ले पानीले मात्र, ८९ घर वा ८४.७६% ले साबुनपानीले र ५ घर वा ४.७६% मानिसहरुले  खरानी पानीले हात धुने  गरेको पाइयो ।

१९. अध्ययन गरिएका १०५ घर परिवार मध्ये ३१ घर वा २९.५२% ले साबुनको प्रयोग दुर्गन्ध हटाउन, ६५ घर वा ६१.९०% ले स्वच्छ हुन र ९ घर वा ८.५७% ले साबुनले मात्र हात सफा हुन्छ भनेर साबुनको प्रयोग गरेको पाइयो ।

२०. समुदायका मानिसहरुले दाँत माझ्ने सम्बन्धमा अध्ययन गर्दा सबै अर्थात १०५ घर (१००%) ले दाँत माझ्ने गरेको पाइयो ।

२१. बिहान दाँत माझ्ने ६०.९५%, बेलुका माझ्ने ७.६१% र बिहान तथा बेलुका गरी दुई पटक दाँत माझ्ने ३१.४२% रहेको पाइयो ।

२२. लगाउने लुगा सफा गर्ने सन्दर्भमा २७ घरपरिवारका २५.७१% ले दिनानुदिन सफा गर्ने गरेको ३९ घरपरिवार वा ३७.१४% कहिलेकाही सफा गर्ने गरेको र ३९ घर कै ३७.१४%ले हप्तामा ५ पटक सफा गर्ने गरेको पाइयो ।

२३. पानीले मात्र लुगा धुने ६ घर (५.७१%), साबुन पानीले धुने ६३ घर (६०%), सरफ पानीले लुगा धुने ३६ घर (३४.२८%) रहेको पाइयो ।

२४. झाँडापखाला लाग्नुको कारण सरसफाईको कमीले हो भन्ने ४८ घर (४५.७१%), दुषित पानीले १९ घर (१८.०९%), दुषित खानाले २९ घर (२७.६१%) र अन्य विविध कारणले भन्नेमा ९ घर (८.५७%) मानिसहरु रहेको पाइयो ।

२५. जीवनजलको प्रयोग झाँडापखाला लाग्दा गर्ने ८४ घर अर्थात ८०%, पेट दुख्दा १९ घर अर्थात १८.०९%, खुट्टा दुख्दा भन्नेमा २ घर अर्थात १.९०% रहेको पाइयो ।

२६. चर्पीको प्रयोग नगर्दा जुका पर्छ भन्नेमा २१ घर अथवा २०% झाँडापखाला लाग्छ भन्ने ६९ घर अथवा ६५.७१% र टाइफाइड हुन्छ भन्ने १५ घर अथवा १४.२८% रहेको पाइयो ।

२७. घर आँगनबाट निस्केको फोहोरमैलाको विसर्जन जलाएर गर्नेमा ५८.०९%, गाड्नेमा १८.०९% कम्पोष्ट बनाउने १६.१९% र जथाभावी फ्याक्ने ७.६१% रहेको पाइयो ।

२८. परिवारमा कसैलाई झाँडापखाला लागेमा जीवनजल खुवाउने ५९ घरपरिवार अर्थात ५६.१९%, स्वास्थ्यचौकी लाग्नेमा २८ घरपरिवार अर्थात २६.६६% र धामीलाई देखाउने १८ घरपरिवार अर्थात १७.१४% रहेको पाइयो ।

२९. खानेकुरा र खानेपानी रोगबाट बाँच्नको लागि छोप्ने ५७ अथवा ५४.२८%, फोहोर हुन नदिनको लागि छोप्ने ४४७ घर अथवा ४४.७६% र अरुले गरेको देखेर छोप्नेमाम १ घर अथवा ०.९५% रहेको पाइयो ।

# अध्याय : ५ (पाँच)

# निष्कर्ष तथा सुझावहरु

## ५.१ निष्कर्ष :

सुनसरी जिल्ला इटहरी उपमहानगरपालिका वडा नं. २२ का १०५ घरपरिवारमा वातावरणीय तथा व्यक्तिगत सरसफाई सम्बन्धमाम गरिएको अध्ययनबाट प्राप्त नतिजाहरुको आधारमा यस निष्कर्षमा पुग्न सकिन्छ की समुदायमा बालबालिका र वृद्धहरुको तुलनामा युवा तथा वयस्कहरुको जनसंख्या बढी रहेको पाइयो । समुदायमा अझै धेरैको संख्यामा निरक्षर मानिसहरु रहेको तथा उच्च शिक्षा र प्राविधिक शिक्षा हासिल गर्नेको संख्या न्यून रहेको पाइयो । समुदायमा मिश्रित जाति धर्म र भाषा बोल्ने मानिसहरु रहेको तथा कृषि पेशा र वैदेशिक रोजगारीमा संलग्न मानिसहरु ज्यादा रहेको पाइयो । वातावरणका सन्दर्भमा सबैले घर आँगन बढार्ने गरेको, बाटोघाटो सफा राख्ने गरेको र फोहोरमैलाको व्यवस्थापन गर्नको लागि उत्सर्जित फोहोर जलाउने, गाड्ने र कम्पोष्ट मल बनाई व्यवस्थापन गर्ने गरेको पाइयो । १०५ घरमध्ये ८ घरमा बाहेक सबै घरमा आफ्नै पिउने पानीको स्रोत रहेको र सबैले पानीको स्रोत सफा राख्ने गरेको पाइयो । वातावरण प्रदुषणले स्वास्थ्यमा पर्ने असरहरु वारे धेरै मानिसलाई थाहा छ वा जानकारी भएको र केही मानिसलाई जानकारी नभएको पाइयो ।

वातावरण सरसफाई राख्नका लागि फोहोरमैलाको व्यवस्थापन कार्यक्रम गर्ने कुचो, झाडु लगाउने र एक चौथाई मानिसले चाही केही पनि नगर्ने गरेको पाइयो । व्यक्तिगत सरसफाईको सन्दर्भमा भन्नुपर्दा समुदायका धेरैजस्तो मानिसहरुले दैनिक रुपमा नुहाउँने गरेको, नुहाउँदा र खाना खानु अघि हात धुदा साबुनको प्रयोग गर्ने गरेको पाइयो । अध्ययन गरिएका १०५ घरपरिवार कै मानिसहरुले नियमित रुपमा हात खुट्टाको नङ्ग काट्ने गरेको पाइयो । समुदायमा सबैको घरमा अझै चर्पी नरहेको र दिशा गर्न ९ घरपरिवार बारीमा र २ घरपरिवार बाटोमा जाने गरेको पाइयो । समुदायका सबै मानिसहरुले दाँत माझ्ने गरेको पाइयो । लगाउने लुगा सफा गर्नको लागि साबुनपानी तथा सरफपानीको प्रयोग गर्ने गरेको पाइयो । झाँडापखाला लाग्नुको कारण तथा जीवनजल बनाउने तरिका तथा यसको प्रयोगको वारेमा केही

जानकारी भएपनि पूर्ण रुपमा जानकारी नरहेको पाइयो । अध्ययन गरिएका अधिकांश मानिसले कपालमा तेल लगाउने र कपाल कोर्ने गरेको पाइयो । चर्पीको प्रयोग नगर्दा लाग्ने रोगका बारेमा सबैलाई जानकारी नभएको पाइयो । परिवारमा कसैलाई झाँडापखाला लाग्दा अझै पनि धामीलाई देखाउने गरेको पाइयो । खानेकुरा तथा खानेपानी छोप्ने गरेको पाइयो ।

## ५.२ सुझावहरु :

सुनसरी जिल्ला इटहरी उपमहानगरपालिका वडा नं. २२ मा गरिएको मुसहर समुदायको वातावरणीय तथा व्यक्तिगत सरसफाईको सम्बन्धमा गरिएको अध्ययनबाट प्राप्त नतिजाहरुको आधारमा निम्न सुझावहरु प्रस्तुत गर्न सकिन्छ ।

### ५.२.१ नीति सम्बन्धी :

- अशिक्षा हटाउन चेतनामूलक कार्यक्रमहरु र रोजगारी सृजना गरी गरीवी घटाउने किसिमका कार्यक्रमहरु सञ्चालन गर्नु पर्दछ ।
- वातावरण स्वच्छ राख्नका लागि ढलनलको व्यवस्था गरी बस्ती भन्दा छुट्टै स्थानमा औद्योगिक क्षेत्र स्थापना गरिनु पर्दछ ।
- वातावरण प्रदुषणले स्वास्थ्यमा पार्ने असर सम्बन्धी ज्ञान प्रदान गर्नुका साथै स्वच्छ वातावरण कायम राख्न गरिनु पर्ने कार्यहरुको वारेमा समुदायमा चेतनामूलक कार्यक्रमहरु संचालन गर्नु पर्ने ।
- व्यक्तिगत सरसफाईलाई बढावा दिने किसिमका कार्यक्रमहरु सञ्चालन गरी व्यक्तिगत विकास गर्नमा मद्दत पुग्ने कार्यहरु गरिनु पर्दछ ।
- रोग सम्बन्धी ज्ञान, रोग लागेमा गर्नु पर्ने कार्य, औषधीको प्रयोग गर्ने तरिका जस्ता विषयहरुमा जानकारी प्रदान गरी ती कुराहरुलाई व्यवहारमा उतार्ने वातावरण सृजना गर्नु पर्दछ ।

### ५.२.२ अभ्यास सम्बन्धी सुझावहरु :

- वातावरणीय स्वच्छता कायम राख्न वृक्षारोपण गरी हरियाली युक्त समुदाय बनाउनु पर्दछ ।

- वातावरणका क्षेत्रमा कार्य गर्न विभिन्न दाताहरुसँगको सहकार्यमा तालिम, गोष्ठी, प्रचार जस्ता कार्य गरी चेतनाको स्तर उकास्नु पर्दछ ।
- वातावरणीय प्रदुषणले स्वास्थ्यमा पर्न सक्ने असरहरुका वारेमा जानकार रही सुरक्षात्मक उपायहरुको अवलम्वन गर्नु पर्दछ ।
- फोहोरमैला व्यवस्थापन, शौचालयको प्रयोग गर्ने बानीको अभ्यास गर्नु पर्दछ ।
- यस समुदायका मानिसहरुले शैक्षिक तथा आर्थिक सुधार गर्ने खालका कार्यक्रमहरु सञ्चालन गर्नु पर्दछ ।
- पिउँने पानीको स्रोत नभएका घरहरुमा पानीको स्रोतको व्यवस्था गर्नु पर्दछ ।
- समुदायमा स्वास्थ्य सेवाको अधिक्तम प्रयोगको लागि उत्प्रेरणा गर्ने एवम् विभिन्न रोगबाट बच्ने सुरक्षित उपायहरु अपनाउनु पर्दछ ।

### ५.२.३ थप अनुसन्धानका लागि सुझावहरु :

- समुदायिक विद्यालयमा सरसफाईको अवस्था ।
- मुस्लिम बस्तीमा व्यक्तिगत सरसफाईको अवस्था ।
- खानेपानी शुद्धिकरणको सम्बन्धमा ।
- गर्भवती महिलामा कुपोषणको अवस्था ।

# सन्दर्भसूची


Budhathoki, Dr. Chitrabahadur (2069). *Community Health and Organization* Sunlight Publication.

Community Health Survey (2069), Janta Multiple Campus Itahari.

Community Health Surve, (2065/066), Janta Multiple Campus Itahari.

Constitution of Nepal, (2072).

Central Bureau of Statistics. (2003) *Population Monograph of Nepal*. Kathmandu: CBS.

Constitution of Nepal, (2072).

Khanal, Peshal (2068), *Educational Research Methodology*, Kathmandu Sunlight Publication.

MoH, (1997). Nepal Family Health Survey. Kathmandu: Ministry of Health.

Neupane Ishwar Prasad Sharma, Rukma (2068), *Environmental Health*.

National Census Data (2068).

Nepal Demograhic and Health Survey, (2006).

Poudel, Sujan (2072), *Research in situation of personal hygen* in Beltar V.D.C. Udayapur.

Thapa, Nabaraj (2068), *Fundamental of population Education*, Kathmandu Sara Publication.

Village profile, (2070). Hasposa VDC.

Water Sanitation and Hygiene- World Vision (2011).

## अनुसूची-१

त्रिभुवन विश्वविद्यालय

शिक्षा शास्त्र संङ्काय स्नातकोत्तर तह

दोस्रो वर्ष जनता बहुमुखी क्याम्पस इटहरी, सुनसरी

सुनसरी जिल्ला इटहरी उपमहानगरपालीका वाड नं.२२, लविपुर, मुसहर समुदायको वातावरणीय तथा व्यक्तिगत सरसफाई सम्बन्धमा अध्ययन गर्न तयार पारिएको प्रश्नावली ।

### समूह-क

### व्यक्तिगत तथा पारिवारिक विवरण

अञ्चल ......................जिल्ला ...................... वाड नं. ................ उत्तरदाताको नाम ................. ........................ घरमुलीको नाम ......................................

तथ्याङ्क संकलन मिति ..............जातजाति ...............धर्म ............ भाषा .............

| क्र. सं. | नाम थर | लिङ्ग | उमेर | शैक्षिक स्थिति | बैवाहिक स्थिति | पेशा | अन्य |
|---|---|---|---|---|---|---|---|
| 1 | | | | | | | |
| 2 | | | | | | | |
| 3 | | | | | | | |
| 4 | | | | | | | |
| 5 | | | | | | | |
| 6 | | | | | | | |
| 7 | | | | | | | |
| 8 | | | | | | | |
| 9 | | | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| 10 | | | | | | | |

**समूह-ख**

**वातावरण सम्बन्धी प्रश्नावली**

१. के तपाईलाई वातावरणीय सरसफाईको वारेमा जानकारी छ ?

क) छ　　ख) छैन

२. के तपाई सरसफाई गर्नु हुन्छ ?

क) गर्छु　　ख) गर्दिन　　ग) कहिलेकाही

३. तपाई घर आँगन एक दिनमा कति पटक वडार्नु हुन्छ ?

क) एक पटक　　ख) दुई पटक　　ग) बडार्दिन

४. बाटो घाटो सफा गर्नु हुन्छ ?

क) गर्छु　　ख) गर्दिन　　ग) कहिलेकाही

५. तपाईको घरमा पिउने पानीको स्रोत के छ ?

क) ट्युवेल　　ख) धारा　　ग) इनार　　घ) छैन

६. खानेपानीको स्रोत सफा राख्नु हुन्छ ?

क) राख्छु　　ख) राख्दिन

७. फोहोर मैलाको व्यवस्थापन कसरी गर्ने गर्नु भएको छ ?

क) थुपार्ने　　ख) जलाउने　　ग) गाड्ने

८. वातावरण प्रदुषणले स्वास्थ्यमा पर्ने असरहरु बारे के कति थाहा छ ?

क) थाहा छ　　ख) थाहा छैन

९. दुषित हावाबाट लाग्ने रोगहरुबारे थाहा छ ?

क) थाहा छ　　ख) थाहा छैन

१०. वातावरण सरसफाई राख्नको लागि कुनै कार्यहरु गर्नु भएको छ ?

क) सधै गर्छु　　ख) कहिलेकाही गर्छु　　ग) गर्दिन

११. दुषित वातावरणको वारेमा थाहा छ ?

क) थाहा छ                                   ख) थाहा छैन

१२. वातावरण सरसफाई राख्नको लागि के कस्ता कार्य गर्नु भएको छ ?

क) फोहोरमैला व्यवस्थापन कार्यक्रम          ख) कुचो, झाडु लगाउने

ग) केही पनि छैन

१३. वायु प्रदुषण र यसका असरहरु वारेमा थाहा छ ?

क) थाहा छ                                   ख) थाहा छैन

१४. आँखा पाक्नुको कारण के हो ?

क) दुषित हावा          ख) दुषित पानी          ग) थाहा छैन

१५. सुन्न सक्ने क्षमतामा के कारणले ह्रास आउँछ ?

क) ध्वनी प्रदुषण          ख) दुषित हावा          ग) दुषित पानी

१६. वन विनाशका कारणहरु के के हुन् ?

क) बढ्दो जनसंख्या                                   ख) बेरोजगारी

१७. वन विनाशका असरहरु के के हुन् ?

क) बाढी          ख) पहिरो          ग) ज्वालामुखी          घ) डढेलो

**समूह-ग**

**व्यक्तिगत सरसफाई सम्बन्धी प्रश्नावली**

१. के तपाईलाई व्यक्तिगत सरसफाईको जानकारी छ ?

क) छ          ख) छैन

२. हप्तामा कति पटक नुहाउनु हुन्छ ?

क) सधै          ख) एक पटक          ग) कहिले काही

३. नुहाउँदा साबुनको प्रयोग गर्नु हुन्छ ?

क) गर्छु          ख) गर्दिन          ग) कहिलेकाही गर्छु

४. खाना खानु अघि केले हात धुनुहुन्छ ?

क) पानीले ख) साबुनपानीले ग) खरानी पानीले घ) धुदिन

५. हातखुट्टाको नङ्ग काट्नु हुन्छ ?

क) काट्छु ख) काट्दिन

६. तपाई नङ्ग कहिले कहिले काट्नु हुन्छ ?

क) हप्तामा ख) दिनदिनै ग) काट्दिन

७. तपाई दिशा गर्न कहाँ जानु हुन्छ ?

क) चर्पीमा ख) बारिमा ग) बाटोमा

८. दिशा गरेपछि केले हात सफा गर्नु हुन्छ ?

क) पानी ख) साबुनपानी ग) खरानी पानी

९. तपाई साबुनको प्रयोग किन गर्नु हुन्छ ?

क) दुर्गन्ध हटाउँन ख) स्वच्छ हुन ग) साबुनलेमात्र हात सफा हुन्छ भनेर

१०. तपाई दाँत माझ्नु हुन्छ ?

क) माझ्छु ख) माझ्दिन

११. तपाई दिनमा कति पटक दाँत माझ्नु हुन्छ ?

क) एक पटक ख) दुई पटक

१२. तपाई दाँत कुन बेला माझ्नु हुन्छ ?

क) बिहान ख) बेलुका ग) बिहान बेलुका

१३. तपाईले लगाउने लुगा कहिले कहिले सफा गर्नु हुन्छ ?

क) सधै ख) कहिले काही ग) हप्तामा ५ पटक

१४. तपाई लुगा केले धुने गर्नु हुन्छ ?

क) पानीले ख) साबुन पानीले

१५. झाडापखाला लाग्नुको मुख्य कारण के हो ?

क) सरसफाईको कमिले ख) दुषित पानीले ग) दुषित खाना घ) अन्य

१६. जीवनजल किन प्रयोग गरिन्छ ?

क) झाडापखाला लाग्दा ख) पेट दुख्दा ग) खुट्टा दुख्दा

१७. जीवनजल बनाउने तरिका थाहा छ ?

क) थाहा छ ख) थाहा छैन

१८. तपाई कपाल कोर्नु हुन्छ ?

क) कोर्छु ख) कोर्दिन

१९. दिनमा कति पटक कपाल कोर्नु हुन्छ ?

क) एक पटक ख) दुई पटक ग) कोर्दिन

२०. कपालमा तेल लगाउनु हुन्छ ?

क) लगाउँछु ख) लगाउदिन ग) कहिलेकाही लगाउँछु

२१. तपाई दिनमा कति पटक हातखुट्टा सफा गर्नु हुन्छ ?

क) एक पटक ख) दुई पटक ग) तीन पटक घ) गर्दिन

२२. चर्पी प्रयोग नगर्दा कस्ता रोगहरु लाग्न सक्छन् ?

क) जुका ख) झाडापखाला ग) टाइफाइड घ) अन्य

२३. घर आँगनबाट निस्केको फोहोरमैला विसर्जन कसरी गर्नु हुन्छ ?

क) जलाउने ख) गाडेर ग) कम्पोष्ट बनाउने घ) जथाभावी फ्याक्ने

२४. भान्साबाट निस्केको दुषित पानी के गर्नु हुन्छ ?

क) तरकारी बारिमा हाल्छु ख) कुलीमा फ्याक्छु ग) जथाभावी फ्याक्ने

२५. तपाईको परिवारमा कसैलाई झाडापखला लाग्दा के गर्नु हुन्छ ?

क) जीवनजल खुवाउने ख) स्वास्थ्य चौकी लाने ग) धामीलाई देखाउने

२६. तपाई खानेकुरा र खानेपानी किन छोप्नु हुन्छ ?

क) रोगबाट बाँच्न ख) फोहोर हुन नदिन ग) अरुले गरेका देखेर